## अध्याय : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कक्षा ६ को **'हाम्रो नेपाली किताब र रसिलो नेपालीमा रहेका नमुना अभ्यासको तुलनात्मक अध्ययन'** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

प्रस्तुत शोधपत्रमा कक्षा ६ का निम्ति पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' कक्षा ६ र निजी स्तरका विद्यालयका लागि नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट नेपाल अधिराज्यका लागि सन्दर्भ पाठ्यसामग्रीको रूपमा स्वीकृति प्राप्त गरी आठराई पब्लिकेसन प्रा.लि. अनामनगर काठमाडौंबाट प्रकाशित 'रसिलो नेपाली' कक्षा ६ को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासबीचको तुलनात्मक अध्ययन गरिएको छ ।

भाषा विचार विनिमयको साधन हो । यो सामाजिक जीवनका लागि आवश्यक छ । त्यसमा पनि हाम्रो देश नेपालमा विविध जातजाति र भाषाभाषीलाई एकताको सूत्रमा बाँध्नका लागि नेपाली भाषालाई सरकारी कामकाजका निम्ति प्रचलनमा ल्याइएको छ । यो भाषा विद्यालय स्तरीय पठनपाठनको माध्यम भाषा पनि हो । हाल आएर प्राथमिक स्तरसम्म आफ्नै मातृभाषामा पठनपाठन गर्न सकिने प्रावधानलाई अघि सारिएको भए पनि नेपाली भाषा सबै नेपालीहरुको साझा र सम्पर्क भाषा भएकाले यसको महत्त्व अधिक रहेको छ ।

पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपसम्बन्धी उद्देश्य प्राप्तिका लागि छनोट भएका विषयवस्तु/पाठ्यवस्तुको अध्ययन अध्यापनपछि नमुना अभ्यासद्वारा मूल्याङ्कन गर्न सकिन्छ । पाठ्यक्रममा निर्दिष्ट उद्देश्य परिपूर्ति गर्ने सामग्रीका रूपमा पाठ्यपुस्तकमा विषयवस्तु समावेश

गरिएका हुन्छन् । यसरी समावेश गरिएका विषयवस्तुहरूबाट विद्यार्थीहरूले के कति ज्ञान सीप हासिल गर्न सक्षम भए वा भएनन् भनी प्रत्येक पाठका अन्त्यमा नमुना अभ्यास दिइएका हुन्छन् । ती नमुना अभ्यासहरू विधाअनुरूप छन्, छैनन् पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, क्षेत्र र क्रमअनुसार नमुना अभ्यास दिइएका छन्, छैनन् भनी हेर्नुपर्ने हुन्छ । विधाको प्रकृतिअनुरूप नमुना अभ्यासको तालमेल कस्तो छ भन्ने कुरालाई अध्ययन गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा नमुना अभ्याससम्बन्धी यिनै कुराहरूलाई आधार मानी कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' पाठ्यपुस्तकहरूमा दिइएका नमुनाअभ्यासहरूको निम्न शोध प्रश्नहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको छ :

क) उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्यअनुरूप नमुना अभ्यास छन् ?

ख) विधाको प्रयोजनअनुसार ती  नमुना अभ्यासहरू उपयुक्त छन् ?

ग) '**हाम्रो नेपाली किताब**' कक्षा ६  र '**रसिलो नेपाली**' कक्षा ६ का पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू भाषिक सीप वितरणका दृष्टिले के कस्ता छन्  ?

## १.४ शोधका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन्-

क) उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्यअनुरूप नमुना अभ्यास भए नभएको पहिल्याउनु,

ख) विधाको प्रयोजनअनुसार नमुना अभ्यासको उपयुक्तता पहिल्याउनु,

ग) भाषिक सीप वितरणका दृष्टिले उक्त दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु तथा सबल र दुर्बल पक्ष छुट्याउनु,

## १.५  अध्ययनको महत्त्व र औचित्य

हाल हाम्रो देश नेपालमा सरकारी र निजी /संस्थागत गरी दुई थरीका विद्यालयहरू देखा परेका छन् । यी विद्यालयहरूमा एउटै पाठ्यक्रममा आधारित फरकफरक खालका पाठ्यपुस्तकहरूको निर्माण गरी पठनपाठन हुँदै आएको छ । समाजको माग र युगको आकाङ्क्षाअनुसार पाठ्यक्रम तयार गरिएको हुन्छ । समकालीन समाजका आवश्यकताहरू पूरा

गर्न सक्नु पाठ्यक्रम तथा पाठ्यपुस्तकका गुण हुन् । पाठ्यक्रमलाई आधार मानेर उद्देश्य पूरा गर्नका लागि विद्यालयमा पाठ्यपुस्तक तयार पारेर कक्षाहरूमा प्रयोग गरिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न स्तम्भहरू पाठ्यक्रमको भावना र विषयको प्रकृति अनुरूपका हुनु पछ । यसै सन्दर्भमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्रद्वारा मूल एवम् अनिवार्य पाठ्यपुस्तकका रूपमा प्रकाशित गरिएको 'हाम्रो नेपाली किताब' कक्षा ६ को निर्धारित पाठ्यक्रमअनुसार नै तयार गरिएका निजी स्तरका आठराई पब्लिकेशन प्रा.लि. अनामनगर, काठमाडौंबाट प्रकाशित बेगेन्द्र सुब्बा र रामचन्द्र खनालद्वारा लिखित एवम् सम्पादित पाठ्यसामग्री 'रसिलो नेपाली' कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन अनुसन्धानका क्षेत्रमा नवीन हुने देखिन्छ । यसले दुई पाठ्यसामग्रीमा राखिएका अभ्यासमध्ये कुनचाहिं पाठ्यक्रमको मर्म र भावनाअनुसार बढी उपयोगी, सान्दर्भिक र समसामयिक छन् भन्ने तथ्य पत्ता लगाउन सहयोग गर्दछ । यस किसिमको अध्ययनबाट भाषापाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यास कसरी राख्नु उपयुक्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुग्ने, पाठ्यपुस्तकमा नमुना अभ्यास कसरी राखेमा लक्षित उद्देश्य हासिल गर्न सहायता पुग्दछ, नमुना अभ्यासमा सबल र दुर्बल पक्षहरू के कस्ता एवम् के कति हुन सक्छन् भन्ने कुराको समेत जानकारी उपलब्ध गराउँछ । अझ तुलनात्मक अध्ययन गरी निकालिएका निष्कर्षहरू बढी व्यावहारिक र विश्वसनीय हुन्छन् । त्यसकारण पनि तुलनात्मक रूपमा अध्ययन गरिनु ज्यादै महत्त्वपूर्ण हुन जान्छ ।

## १.६ शोध अध्ययनको सीमा

यो अध्ययन कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा समाविष्ट नमुना अभ्यासको विश्लेषणमा मात्र सीमित रहनेछ । यस अध्ययन विश्लेषणमा उक्त दुबै नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका बोधपक्षका नमुना अभ्यास, सिर्जनात्मक अभ्यास र व्याकरण (भाषातत्त्व) पक्षको नमुना अभ्यासमा दिइएका सबल र दुर्बल पक्षको तुलनात्मक अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा सुझाव र समाधानका उपायहरू पनि प्रस्तुत गरिएको छ ।

## १.७ शोध अध्ययन विधि

प्रस्तुत अध्ययन दुईओटा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासको तुलनामा केन्द्रित रहेकाले मूल रुपमा यो अध्ययन पुस्तकालयीय तुलनात्मक शोधविधिमा आधारित छ । प्राप्त

नमुना अभ्यासको विश्लेषणका क्रममा प्रतिशताङ्क, तालिकीकरण आदिका सन्दर्भलाई प्रस्ट पार्न सैद्धान्तिक ग्रन्थहरूको सहयोग लिई वर्णनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

## १.८ शोध अध्ययनको रूपरेखा

अध्याय : एक : परिचय

अध्याय : दुई : पूर्वकार्यको समीक्षा

अध्याय : तीन : नमुना अभ्यासको सैद्धान्तिक परिचय

अध्याय : चार : व्याख्या तथा विश्लेषण अध्याय : पाँच : कक्षा ६ को **'हाम्रो नेपाली किताब'** र **'रसिलो नेपाली'** मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन

अध्याय : छ : निष्कर्ष र सुझाव

## अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धानकार्य सुरु गर्नुभन्दा पहिले त्यस क्षेत्रसँग सम्बन्धित विषय भएका कार्यहरूको अध्ययन गर्नु आवश्यक ठानिन्छ । पूर्वकार्यले कुनै पनि अध्ययन अनुसन्धानको प्रारम्भिक मार्गनिर्देशन गर्दछ र कामलाई सजिलोसँग अगाडि बढाउन सकिन्छ । भाषा पाठ्यपुस्तकभित्र नमुना अभ्यासका क्षेत्रमा भए गरेका अध्ययन अनुसन्धान त्यति धेरै छैनन् तापनि यस शोधकार्यका सिलसिलामा सम्बन्धित पक्षमा भएका उपलब्ध पूर्वकार्यहरूको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. भारतमा सन् उन्नाईसौं शताब्दिको पाँचौं दशकदेखि नै यस विषयमा अध्ययन अनुसन्धानहरू भएको पाइन्छ । सन् १९७३ मा भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान प्रशिक्षण परिषद (NCERT) का के.जी. रस्तोगीको समूहले पाठ्यपुस्तकको मूल्याङ्कनसम्बन्धी अध्ययन (Preparation of Evaluation of Textbooks in Mother Tongue) लाई प्रकाशनमा ल्याए । भारतको यस तालिम एकाइले प्रकाशित गरेको उक्त कार्यमा पाठ्यपुस्तकको सैद्धान्तिक धारणलाई स्पष्ट पार्ने प्रयास गरेको पाइन्छ । त्यसमा पाठ्यपुस्तक निर्माणका अन्य पक्षको अतिरिक्त अभ्यास निर्माण र यसको उपयोगिताको विषयमा पनि चर्चा गरिएको पाइन्छ । यस शीर्षकमा अभ्यासको सैद्धान्तिक चिनारी, धारणा, महत्त्व र नमुना अभ्यासमा प्रयोग गरिने भाषा र विषयगत सामग्रीको समेत वर्णन गरेको पाइन्छ । अभ्यासमा प्रयोगात्मक पक्षभन्दा सैद्धान्तिक पक्षमा बढी जोड दिइएको पाइन्छ । यसमा विषयगत अभ्यासका विभिन्न प्रकृति र स्वरूपको व्याख्या गरिएको छ ।

२. रस्तोगी र अन्यले प्रस्तुत गरेको अर्को एक अध्ययन (Comparative Study of Mother Tongue) मा पन्ध्रओटा अध्यायमध्ये नवौं अध्यायमा अभ्यासको व्याख्या र विश्लेषण गरेको पाइन्छ । यस अध्यायमा अभ्यासको शैक्षणिक उद्देश्य, सैद्धान्तिक धारणा, अभ्यासको धारणा, प्रश्नहरूको निर्माण, वर्गीकरण र वितरण आदिमा विभिन्न भारतीय भाषामा लेखिएका पाठ्यपुस्तकभित्रका अभ्यासहरूको विश्लेषण गर्नुका साथै विभिन्न प्रश्नहरूको पनि विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । भाषिक सीपका दृष्टिले प्रश्नका प्रकृतिको पनि चर्चा गरिनुका

साथै विभिन्न प्रकारका प्रश्नहरू पनि छुट्याएर वर्णन गरिएको पाइन्छ । (रस्तोगी र अन्य, १९७६)

३. भी.एस.आनन्दको 'भाषा पाठ्यपुस्तकको अभ्यासको विकास (१९७७)' भन्ने किताबमा नमुना अभ्यासको परिचय, महत्त्व, अभ्यास निर्माणका सिद्धान्त र अभ्यास निर्माणमा विभिन्न आधारहरू आदि पक्षको सैद्धान्तिक धारणा उल्लेख गरिएको छ । उक्त भाषापाठ्यपुस्तकमा अभ्याससम्बन्धी केही उदाहरण पनि दिइएको देखिन्छ । माध्यमिक कक्षाका लागि यो अध्ययन त्यति उपयोगी नभए तापनि यस नमुना अभ्यासको तुलनात्मक अध्ययनका लागि अत्यन्त उपयोगी पुस्तकको रूपमा रहेको छ । सैद्धान्तिक रूपमा रहेको यस अनुसन्धानले केही हदसम्म अभ्यासको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

४. नेपालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षा विकास तथा अनुसन्धान केन्द्रका लागि '**शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू**' (२०४४) शीर्षकमा गरिएको एक अध्ययनमा नेपाली भाषाका प्राथमिक पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन भएको पाइन्छ ।

हेमाङ्गराज अधिकारीद्वारा गरिएको यस अध्ययनमा नमुना अभ्यासका बारेमा केही टिप्पणी गरिएको छ । नमुना अभ्यासका बारेमा आवश्यक सीपगत सन्तुलन नभएको, विधाअनुरूप भाषिक सीपको सन्तुलित वितरण नभएको, सिर्जनात्मक सीपलाई भन्दा घोकाइमा जोड दिइएको भन्ने निष्कर्ष निकालिएको छ । यसरी विषयवस्तुको अभ्यासलाई नै भाषिक पक्षको अभ्यास ठान्न नहुने सुझाव प्रस्तुत गरिएको छ ।

५. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउने उद्घोषका साथ सुरु भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (१९९१–२०००) को गुरु योजनामा '**पाठ्यपुस्तक र अन्य सामग्री**' भन्ने शीर्षकमा भाषापाठ्यक्रम र पाठ्यपुस्तकका विभिन्न पक्षको समीक्षा गरेको पाइन्छ । नमुना अभ्यासको सङ्क्षिप्त वर्णन गरिएको प्रस्तुत शीर्षक प्राथमिक तहका पाठ्यपुस्तकमा आधारित छ । यसको निष्कर्षमा नमुना अभ्यासहरू असन्तुलित रहेको, स्तर नमिलेको, कण्ठस्थ गर्ने किसिमका मात्र भएको, पाठ्यपुस्तकको उद्देश्यलाई समेट्ने गरी नराखिएको र सैद्धान्तिक पक्षलाई मात्र जोड दिने खालको भएको भनी आलोचनात्मक टिप्पणी गरेको पाइन्छ ।

६. माधवप्रसाद पौडेलद्वारा '**जिल्ला स्तरीय परीक्षा २०५१ म समावेश गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण**' शीर्षकमा शोध अध्ययन गरिएको पाइन्छ । उक्त

शोधको निष्कर्षमा विविधताको अभाव, भाषिक सीपमूलक अभ्यासको कमी, विधागत रूपमा सन्तुलित देखिए पनि प्रश्नको छनोटमा ध्यान नपुऱ्याइएको जस्ता कुरालाई औँल्याइएको छ ।

७. डिल्लीराम रिमाल (२०५३) द्वारा **'माध्यमिक तहको वर्तमान नेपाली भाषापाठ्यपुस्तक (कक्षा ९ र १०) मा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन'** शीर्षकमा गरिएको अध्ययन प्रतिवेदनमा नमुना अभ्यासका क्षेत्रमा देखिएका कमजोरीहरूलाई औँल्याउने काम गरेको पाइन्छ ।

८. गङ्गाबहादुर कार्की (२०५३) द्वारा **'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरूको विश्लेषणात्मक अध्ययन'** मा सीपमूलक अभ्यासको कमी, प्रश्नहरूको छनोटमा ध्यान नपुऱ्याइएको आदि निष्कर्ष निकालिएको छ ।

९. गङ्गाराम गौतमद्वारा **'माध्यमिक तहमा वर्तमान नेपाली भाषापाठ्यपुस्तक (कक्षा ९ र १०) मा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन'** शीर्षक (२०५४) मा गरिएको अध्ययनबाट उक्त तहका पाठ्यपुस्तमा भाषा शिक्षणका उद्देश्यअनुरूप नमुना अभ्यासहरू नभएका भाषिक सीपहरूको समन्वयलाई बेवास्ता गरिएको, बोध पक्षलाई गौण र कण्ठाग्रतालाई प्रोत्साहन दिइएको, व्याकरण शिक्षणका अभ्यासहरू अपूर्ण रहेको उल्लेख गरिएको छ ।

१०. मोहनकुमार दाहालद्वारा **'निम्न माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन'** (२०५५) शीर्षकमा भएको शोधकार्यमा नमुना अभ्यास व्यावहारिक नभएको, विविधता नभएको, व्याकरणिक अभ्यासको शृङ्खला टुटेको, व्याकरणसम्बन्धी अभ्यास अपूर्ण रहेको, केही अभ्यासहरू विद्यार्थीको क्षमताभन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नभएको र भाषिक अभ्यासको दृष्टिले कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

११. यशोदा खड्काले आफ्नो स्नातकोत्तर तहको उपाधिका निम्ति **'कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरूको विश्लेषण'** (२०५८) शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको निष्कर्षमा विविधताको अभाव, भाषिक सीपमूलक अभ्यासको कमी विधागत रूपमा सन्तुलित देखिए पनि प्रश्नको छनोटमा ध्यान नपुऱ्याउनुजस्ता निष्कर्ष निकालिएको छ ।

१२. प्रकाश घिमिरेले आफ्नो स्नातकोत्तर तहको उपाधिका निमित्त **'कक्षा ८ को हाम्रो नेपाली किताब र सजिलो नेपालीमाला कक्षा ८'** (२०५९) मा समाविष्ट अभ्यासहरूको विश्लेषण शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको निष्कर्षमा विविधताको अभाव, भाषिक

सीपमूलक अभ्यासको कमी, विधागत रूपमा सन्तुलित देखिए पनि प्रश्नको छनोटमा ध्यान नपुऱ्याइएकोजस्ता कुरालाई औंल्याइएको पाइन्छ ।

१३. कुमार बस्नेतले कक्षा ७ को '**हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट अभ्यासहरुको विश्लेषण**' (२०६०) शीर्षकमा गरेको शोधकार्यमा '**सजिलो नेपाली माला**' मा '**हाम्रो नेपाली किताब**' भन्दा प्रायोगिक अभ्यासका दृष्टिकोणले समग्र विषयवस्तुलाई समेटिएको बताइएको छ । त्यस्तै प्रकारले हाम्रो नेपाली किताबमा प्रायोगिक अभ्यासहरूको स्थान समावेश गरिनुपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

१४. भोजराज ठकुरी (२०६१) को '**हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन**' शीर्षकमा केन्द्रित भई गरिएको शोधमा नमुना अभ्यासमा प्राविधिक, अनेकार्थक, अनुकरणात्मक, उखान–टुक्का जस्ता शब्दहरूको प्रतिनिधित्त्व कम भएको, पाठ्यक्रममा तोकिए बमोजिम सुनाइ, बोलाइ, पढाइ र लेखाइका ऋममा कम महत्त्व दिइएको, अनुकरणात्मक शब्द अत्यन्तै थोरै रहेको आदि निष्कर्ष निकालिएको छ ।

माथि उल्लेख गरिएका विभिन्न किसिमका अध्ययनको समीक्षाबाट नेपालमा पनि भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्याससम्बन्धी अध्ययनको सुरुआत भएको पाइन्छ । अझ एकै प्रयोजनका निमित्त तयार पारिएका विभिन्न किसिमका पाठ्यपुस्तकहरूमा समावेश गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययन विश्लेषणको क्षेत्रमा भने ध्यान पुऱ्याएकै छन् । एकै विषयको अध्ययनबाट निकालिएको निष्कर्षका दाँजोमा दुईओटा विषयका बीच गरिएका तुलनात्मक अध्ययनबाट निकालिएको निष्कर्ष बढी विश्वसनीय र बैध हुन सक्छ । तसर्थ हालसम्म भएका अध्ययन अनुसन्धानलाई अझ विस्तृत र विविध तुल्याउन यस '**कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**' शीर्षकमा गरिएको शोधकार्यले पाठ्यपुस्तक लेखनमा केही सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## अध्याय : तीन

# नमुना अभ्यासको सैद्धान्तिक परिचय

## ३.१ परिचय

भाषा सिक्नु सिकाउनु भनेको भाषिक सीप सिक्नु सिकाउनु हो । भाषिक सीप आर्जनका निम्ति नमुना अभ्यासलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ । निरन्तर रूपमा गरिने अभ्यास तथा पुनरावृत्तिले नै भाषा सिकाइ सम्भव हुन्छ । शिक्षाको उद्देश्य निर्धारण भएपछि त्यहाँसम्म पुग्नका लागि विभिन्न शैक्षिक क्रियाकलापहरू गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू प्राप्तिका निम्ति जुनजुन क्रियाकलापको अनुसरण गरिन्छ तीमध्ये पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास पनि एक हो । भाषा पाठ्यक्रमका उद्देश्यहरू हासिल भए वा भएनन् भनी जाँच्ने मुख्य कसी नमुना अभ्यास नै हो । पाठ्यक्रकोउद्देश्य अनुसार तयार पारी पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु विद्यार्थीहरूले के–कति ग्रहण गर्न सके भन्ने कुरा थाहा पाउन त्यही पाठ्यपुस्तकभित्र रहेका नमुना अभ्यासको सहयोग लिनुपर्दछ ।

भाषा पाठ्यपुस्तक र अन्य विषयको पाठ्यपुस्तकमा भिन्नता पाउन सकिन्छ । भाषापाठ्यपुस्तक अन्य विषयको पाठ्यपुस्तकभन्दा भिन्न किसिमको हुन्छ । भाषा सिकाइमा भाषिक सीपलाई महत्त्वपूर्ण रूपमा लिइएको हुन्छ भने अन्य विषयमा विषयवस्तुलाई जोड

दिइन्छ । तसर्थ भाषा पाठ्यपुस्तकमा दिइएका अभ्यासले सीप पक्षलाई बढी जोड दिइएको हुन्छ । शिक्षण सिकाइका सन्दर्भमा अभ्यासलाई मुख्य रूपमा लिइन्छ । भाषापाठ्यपुस्तकका पाठका अन्त्यमा दिइएका कार्यमूलक अभ्यास नै नमुना अभ्यास हुन् जसले उद्देश्य प्राप्तिमा सहयोग गरेका हुन्छन् । नेपाली बृहत् शब्दकोशले अभ्यासलाई कुनै पाठ्यविषयमा निरन्तर दोहोऱ्याई तेहऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेषरूपमा बारम्बार मिहिनेत गर्नु भन्ने अर्थ प्रदान गरेको छ ।

" नमुना अभ्यासको निर्माण गर्दा विधा अनुरूपका अभ्यास राखिनु उपयुक्त ठानिन्छ । उदाहरणार्थ, पुरुषको सङ्गति र निपातको अभ्यासको लागि संवाद विधा उपयुक्त हुन्छ । त्यस्तै क्रियाका काल र पक्षसम्बन्धी अभ्यासका लागि कथा र जीवनी विधा यपयोगी हुन सक्छन् । फेरि पाठहरू नै कुनै भाषिक अभ्यासका लागि स्तर अनुकूल अथवा उपयुक्त छैनन् भन्ने लाग्छ भने त्यस्तै अरू स्तर अनुकूल अंश सिर्जना गरेर सोअनुसार अभ्यास गराउन सकिन्छ तर यस्तो काम पाठ्यपुस्तकमा दिइएका विधा एवम् उपविधाका पाठहरूबाट मात्र कुनै भाषिक सीपको अभ्यास प्रशस्त मात्रामा हुन सकेन भने अरू नयाँ पाठहरूको स्तर अनुकूल संयोजन गरेर अभ्यास गराउन सकिन्छ भन्ने मान्यता रहेको छ ।

भाषापाठ्यपुस्तक र त्यसमा समावेश गरिएका नमुना अभ्यासहरू नै सिकाइका भरपर्दा साधन हुन सक्छन् । तर कतिपय अवस्थाहरू यस्तो पनि हुन्छ जसलाई अभ्यासका माध्यमबाट नै सिकाउनुपर्ने हुन्छ । कक्षाकोठाभित्र सम्पन्न गरिने भाषिक शिक्षण सिकाइ कार्यकलापमा सैद्धान्तिक तथा व्यावहारिक दुबै किसिमका सहकार्यहरू उपयुक्त हुने भए तापनि सैद्धान्तिक पक्षमा व्याकरणिक ज्ञानको भूमिका अत्यधिक रहने गर्दछ भने प्रयोगात्मक पक्षको ज्ञान अभिवृद्धि गर्न अभ्यासद्वारा ठूलो सफलता मिल्दछ । त्यसैले भाषापाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासले पाठ्यक्रममा निर्दिष्ट गरिएका उद्देश्य हासिल गर्न थप सहयोग पुऱ्याएको हुन्छ ।

शिक्षण सिकाइको कार्यलाई मूर्तरूप दिनका लागि भाषापाठ्यपुस्तकमा अभ्यासको व्यवस्था गरिएको हुन्छ । पाठ्यविषयको सबलीकरण, बोध र नयाँ सामग्रीको प्रयोग एवम् सीप विकास गराउन नमुना अभ्यास महत्त्वपूर्ण हुन्छ । नमुना अभ्यासले विद्यार्थीलाई मानसिक तथा शारीरिक रूपमा गतिशील तुल्याउँछ । यसले विद्यार्थीका लागि मार्गदर्शक र शिक्षकका लागि एउटा सहयोगीको भूमिका निर्वाह गर्दछ ।

सुनाइ, बोलाइ, लेखाइ र पढाइजस्ता भाषिक सीप अभिवृद्धि गर्नका लागि पाठमा प्रयुक्त विषयवस्तु मात्र पर्याप्त हुँदैनन् । उक्त विषयवस्तुलाई अझ प्रभावकारी र स्मरणयोग्य बनाउन अभ्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यविषयको सिकाइबाट विद्यार्थीले के कति उपलब्धि हासिल गरे भन्ने कुराको जानकारी हुनुका साथै विद्यार्थीहरूमा देखिएको अन्योललाई समाप्त पार्न अभ्यासमा आवश्यक क्रियाकलापको साङ्केतिक व्यवस्था गरिएको हुन्छ । यसले सिकाइलाई गति प्रदान गर्नुका साथसाथै उद्देश्य प्राप्तिमा समेत सहयोग पुऱ्याउँछ ।

पाठ्यवस्तुले विद्यार्थीसमक्ष के–के कुरा दिन खोजेको हो भन्ने बुझ्न पनि नमुना अभ्यासले सहयोग गर्दछ । भाषापाठ्यपुस्तकमा शिक्षणीय विषय र सामग्रीको सहज एवम् सुविधापूर्ण ढङ्गले निरन्तर अभ्यास र पुनरावृत्ति शिक्षार्थीहरूले यथेष्ट रूपमा गर्ने अवसर प्राप्त गर्न सकून् भन्ने अभिप्रायलाई ध्यानमा राखी नमुना अभ्यासको निर्माण गरिएको हुन्छ । नमुना अभ्यासहरूमा भाषाका विविध पक्षसँग सम्बद्ध भाषिक सीप विकासमा आधारित हुने आवश्यक शब्दभण्डार, भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा शिक्षणीय ढाँचा संलग्न रहेको हुन्छ । विद्यार्थीमा बोध र अभिव्यक्तिशील क्षमतालाई समुचित प्रयोग गर्न बारम्बार भाषिक अभ्यास गरिनुपर्छ ।

अभ्यास र पुनरावृत्तिबाट पाठ्यक्रमका निर्धारित उद्देश्य हासिल गर्न थप मद्दत पुग्दछ । पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूमा भाषाका चार ओटा सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास हुने गरी विविध सामग्रीहरुको संयोजन, छनोट तथा स्तरणमा ध्यान दिनुपर्छ । पाठ्यवस्तुले दिन खोजेको कुरालाई विविध आयामबाट ग्रहण गर्नका लागि नमुना अभ्यासमा विविधता ल्याउनुपर्छ । भाषिक ज्ञान दिने उद्देश्यले तयार पारिएका पाठ्यवस्तुमा शब्दार्थ लगायत कण्ठस्थ, बोध, प्रयोगात्मक र सिर्जनात्मक ज्ञान दिने किसिमका अभ्यासहरू समावेश गरिनुपर्छ । त्यसैगरी भाषाको संरचना पक्षलाई दर्बिलो बनाउनका निम्ति व्याकरणात्मक ज्ञान दिने किसिमका नमुना अभ्यासहरू पनि पाठ्यवस्तुका साथमा दिनुपर्दछ । यसरी भाषापाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासहरू वैज्ञानिक पद्धतिअनुसार निर्माण गरिनुपर्दछ । यदि वैज्ञानिक पद्धतिअनुसारका अभ्यासको निर्माण गर्न सकिएन भने त्यस्ता अभ्यासहरूबाट उद्देश्य प्राप्ति हुन सक्दैन ।

नमुना अभ्यासमा राखिने सामग्रीहरू 'गर र सिक' (आनन्द १९७७) भन्ने अवधारणाबाट तयार पारिएका हुन्छन् । यसको मूल उद्देश्य लेखाइ सीप विकास गराउनुका

साथै विद्यार्थीले धारणा तयार गरी ल्याउने गृहकार्यका रूपमा समेट्नु हो । विद्यार्थीहरूले कक्षाकोठामा आफूले सिकेका, जानेका र बोध गरेका विभिन्न कुरालाई पुनरावृत्ति गरी मौलिक ढङ्गले अभिव्यक्त गर्न अभ्यासमा समेटिएका सामग्रीहरूले थप सहयोग पुऱ्याउँछन् । भाषा पाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासहरू खास गरी भाषाका चार सीपलाई (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) उकास्नका निम्ति दिइएको हुन्छ । विद्यार्थीहरूले प्रयोग गर्ने भाषा शुद्ध होस् र सो भाषा निरन्तर रूपमा प्रयोग गर्नका लागि सजिलो माध्यमका रूपमा अभ्यासको उपयोग गरिन्छ । अरू विषयमा जस्तो निर्देशनका भरमा मात्र भाषिक सीपको विकास नहुने हुनाले पनि भाषा पाठ्यपुस्तकका निम्ति अभ्यासले भाषिक कुशलता बढाउने काममा सहयोग पुऱ्याउँछ । भाषिक सीपको ज्ञान र धारणा दिनका लागि कोरा विषयवस्तु सिकाएर मात्र सम्भव छैन । यसका निम्ति विषयवस्तुको भन्दा अभ्यासको बढी जरुरत पर्दछ ।

भाषापाठ्यपुस्तकमा नमुना अभ्यासहरू पाठ्यक्रमका लक्षित उद्देश्य हासिल गर्न सकून् भन्ने मनसायले विद्यार्थीहरूको स्तर, रुचि, क्षमता, चाहना, आवश्यकता आदिलाई ख्याल गरी छनोट र स्तरण गरिनुपर्दछ । यस्ता अभ्यासहरू निर्माण गर्दा सिकाइमनोविज्ञान र बालमनोविज्ञानलाई समेत ख्याल गरी सरलबाट जटिलतिरको क्रममा राखिएको हुनुपर्दछ ।

भाषिक र शैक्षिक समस्याहरुको समाधान गर्ने र विद्यार्थीका कमजोरीको निदानमा सहयोग पुग्ने गरी ती अभ्यासको व्यवस्था हुनुपर्दछ । विद्यार्थीहरूलाई भाषिक रूपमा दक्ष बनाउने काम अभ्यासले गर्ने भएकाले शिक्षक अनुपस्थित भएका अवस्थामा पनि उनीहरूले भाषिक अभ्यास गर्न सक्ने खालको वातावरणको सिर्जना अभ्यासबाट हुनुपर्दछ । तसर्थ नमुना अभ्यासहरूको निर्माण गर्दा सबै पक्षलाई ख्याल गर्नुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा विधाको क्षेत्र र क्रमलाई गद्य, रुपक, पद्य र भाषातत्त्वका आधारमा विभाजन गरिएको हुन्छ । विधाभित्र पनि विभिन्न उपविधाहरू समेटिएका हुनसक्छन् । त्यसका आधारमा भाषिक सीपको ज्ञान दिने किसिमका पाठ्यवस्तुको विश्लेषण गरी अभ्यासको निर्माण गरिएको हुन्छ । भाषापाठ्यक्रम सीपमुखी हुने भएकाले पाठ्यवस्तु तथा त्यसमा समावेश भएका नमुना अभ्यासहरू पनि सोही किसिमका हुने गर्दछन् ।

भाषापाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरू भाषिक सामग्री र पठनबोधसँग सम्बन्धित हुन्छन् । शब्दभण्डार, वाक्यरचना र भाषातत्त्वजस्ता कुराहरू भाषिक सामग्री अन्तर्गत पर्दछन् भने पठनबोध अन्तर्गत पाठमा आधारित विषयवस्तु सम्बन्धी विविध प्रकृतिका

प्रश्नोत्तरहरू पर्दछन् । त्यसका साथै व्याख्या, समीक्षा, सारांश र भावार्थजस्ता अभिव्यक्ति कौशल मापन गर्ने अभ्यासका रूपमा रहेका हुन्छन् । भाषातत्त्व सम्बन्धी अभ्यास व्याकरणसँग सम्बन्धित हुने भएकाले तिनको प्रयोग पक्षलाई पाठमा समेत विशेष जोड दिनुपर्दछ । पाठअनुसार अभ्यासहरूको संयोजन हुनुपर्दछ कथाका पाठहरूमा वादविवाद वा संवाद लेख्ने अभ्यास राखिनुहुँदैन । त्यसैगरी वादविवाद वा संवादका पाठमा कथा लेख्ने अभ्यास पनि उपयुक्त मानिँदैन । कवितामा मौनवाचन  र पठनबोध उति उपयुक्त मानिँदैन भने गद्यमा लयबोध पनि उचित ठानिँदैन । उच्चारण, सस्वरवाचन, भाषातत्त्व आदिका अभ्यासहरू प्राय: सबै पाठमा राख्न सकिन्छ । भाषापाठ्यपुस्तक अन्तर्गतका अभ्यासहरूलाई विभिन्न कोणबाट प्रस्तुत गरी विद्यार्थीहरूलाई सक्रिय गराएर भाषिक सीपमा दक्ष बनाउन सके मात्र भाषापाठ्यक्रम र पाठ्यपुस्तकमा उद्देश्य हासिल गर्न सकिन्छ ।

## ३.२ भाषा शिक्षणमा नमुना अभ्यासको महत्त्व

समाजका बुद्धिजीवी, शिक्षकवर्ग, समाजसेवी, अभिभावक, विद्यार्थी, विषय विशेषज्ञ आदिका सल्लाह सुझावका आधारमा देशकाल परिस्थिति आदिको ख्याल गर्दै देशको आवश्यकता, समाजको आवश्यकता, देशको बदलिंदो परिस्थिति, जनभावनाका आधारमा पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्यक्रमका विविध उद्देश्यहरू हुन्छन् । ती उद्देश्यहरूलाई पूरा गर्नका लागि पाठ्यवस्तु वा पाठ्यपुस्तकको निर्माण गरिन्छ । विद्यार्थीका रुचि, चाहना, क्षमता स्तर आदिलाई पाठ्यवस्तु निर्माणमा ध्यान दिनुपर्छ । यसरी तयार गरिएका प्रत्येक विधा वा पाठका अन्त्यमा नमुना अभ्यासको व्यवस्था गरिएको हुन्छ । ती नमुना अभ्यासहरू पाठको प्रकृति र प्रयोजनसँग मेल खाने किसिमका हुनु आवश्यक छ जसले विद्यार्थीहरूलाई अभ्यास गर्ने मौका प्रदान गर्दछ । यी नमुना अभ्यासहरूले विद्यार्थीहरूले के कति ज्ञान, सीप प्राप्त गर्न सक्षम भए वा भएनन् भन्ने कुराको तुरुन्त जानकारी प्राप्त गर्न सघाउँछ । अभ्यासका माध्यमद्वारा विद्यार्थीहरूमा अभ्यास गर्ने बानीको विकास हुनुका साथै उनीहरूमा विषयवस्तुप्रति रुचि जागरण गराउँछ । यसरी नमुना अभ्यासका सहायताद्वारा विद्यार्थीहरू आफ्नो कार्यमा सक्रिय हुन्छन् र आफ्नो जिम्मेवारी पूरा गर्नका साथै विभिन्न विषय र प्रसङ्गअनुसार लेखाइ सीपको विकास पनि गर्न सक्छन् ।

विद्यार्थीहरूमा भएका कमीकमजोरीहरूको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव प्रदान गर्न पनि यसको ज्यादै ठूलो महत्त्व रहेको छ । त्यसैगरी विद्यार्थीका कठिनाइ

पहिचान गर्न, विद्यार्थीको वर्गीकरण गर्न, स्तरीकरण गर्न, रुचि, ज्ञान, सीप, दक्षता आदि पत्ता लगाउनसमेत शिक्षकलाई यथेष्ट मार्ग निर्देशन गरेको हुन्छ । नमुना अभ्यासले विद्यार्थीका भाषिक सीपको विकास गरी उनीहरूलाई भाषातत्त्वको सुसङ्गठित एवम् सचेत रूपमा प्रयोग गर्ने क्षमता पनि प्रदान गर्दछ ।

नमुना अभ्यासले विद्यार्थीहरूमा शिक्षण सिकाइद्वारा प्राप्त गर्नुपर्ने बोध, क्षमता, प्रयोग गर्न सक्ने क्षमता, परिचयात्मक, धारणात्मक र पहिचानात्मक क्षमताको विकास गर्दछ । यसले शिक्षार्थीमा देखिएका विभिन्न प्रकृतिका कमजोरीहरूलाई सुधार गरी अघि बढ्न थप हौसला प्रदान गर्दछ । तसर्थ नमुना अभ्यास भाषा शिक्षणका लागि अति नै महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ ।

नमुना अभ्यासले विद्यार्थीको ज्ञान, सीप र धारणाको विकास गरी स्तर पहिचान समेत गर्दछ । यसले रुचिपूर्ण सिकाइ गर्न, सिर्जनशील बानीको विकास गर्न, स्वअध्ययन गर्दा समस्याहरूको समाधान गर्ने बानीको विकास गर्न, निर्माणात्मक मूल्याङ्कन नगर्दा सुधार गर्न आदि सहयोग पुऱ्याउँछ ।

अतः अभिव्यक्तिमा ओजपूर्णता, प्रस्तुतिमा मीठास एवम् तार्किकता र साहित्यमा समेत मिठासता ल्याई बालबालिकामा सिर्जनशील क्षमताको विकास गरी शिक्षकका लागि शिक्षण प्रक्रियामा सुधार ल्याउन एउटा सहयोगीको भूमिका निर्वाह गर्ने नमुना अभ्यास भाषा शिक्षणको मेरुदण्ड हो भन्न सकिन्छ ।

## ३.३ विधा र नमुना अभ्यासको सम्बन्ध

हरेक विधा वा पाठका अन्त्यमा राखिएका नमुना अभ्यासले विद्यार्थीमा भाषिक सीपको विकास गराउनै पर्छ । भाषिक सीप विकास गराउने खालका विधा वा पाठ भएनन् र सो अनुसार नमुना अभ्यास पनि भएनन् भने पाठ्यक्रमले निर्दिष्ट गरेअनुसारका उपलब्धिहरू प्राप्त हुन सक्दैनन् । तसर्थ पाठ्यक्रमका उद्देश्यअनुसार पाठ्यपुस्तकमा विधाको छनोट गरिएको छ

भने मात्र सम्बन्धित उद्देश्यहरू पूरा हुन सक्छन् । पाठ्यपुस्तकअन्तर्गतका विधा तथा उपविधाहरूकै आधारमा नमुना अभ्यास निर्माण गरी सोही अभ्यासमा शिक्षार्थीहरूलाई संलग्न गराउनुपर्दछ । अभ्यासविना कुनै पनि विद्यार्थीले भाषिक सीप उपलब्धी गर्न नसक्ने हुँदा विद्यार्थीहरूलाई नमुना अभ्यासमा सक्रियताका साथ सहभागी गराउनुपर्दछ । यदि पाठ्यपुस्तक अन्तर्गत रहेका विधा र उपविधाअनुसारका सामग्रीहरू नमुना अभ्यासमा छैनन् भने भाषा शिक्षँकले नै आवश्यकताअनुसार नयाँ नमुना अभ्यासको सिर्जना गरी विद्यार्थीहररूलाई अभ्यास गराउनुपर्छ । उदाहरणका लागि विद्यार्थीहरूले कथा विधाबाट बोध क्षमताको विकास, वाक्य गठन, द्रूतपठन, निपात, उखान/टुक्काको प्रयोग आदि भाषिक कुशलता प्राप्त गरेको हुनुपर्दछ । यसरी आवश्यकताअनुसार सम्बन्धित पाठमा नमुना अभ्यास निर्माण गरी विद्यार्थीलाई संलग्न गराएमा भाषिक सीप विकासका लागि सञ्चालित गरिएको भाषिक कार्यकलाप प्रभावकारी हुनपुग्छ ।

अत: भाषापाठ्यपुस्तक अन्तर्गत राखिएका विभिन्न विधा तथा उपविधाका पाठहरूभन्दा विद्यार्थीहरूमा भाषिक सीप विकास गराउनका निम्ति पाठका अन्त्यमा दिइएका नमुना अभ्यासको नै सर्वोपरी भूमिका रहेको हुन्छ । यसको अर्थ मूल पाठको महत्त्व हुँदैन भनेको चाहिं होइन । विधाका आधारमा नै सोसँग सम्बन्धित नमुना अभ्यासमा विद्यार्थीलाई सक्रिय गराइने भएकाले भाषिक सीप अभिवृद्धि गर्नका लागि विधा तथा नमुना अभ्यासको सम्बन्ध नङ् र मासुको जस्तै हुनुपर्दछ ।

## ३.४ नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम

भाषा शिक्षण भनेको भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास गराउनका लागि गरिने प्रयत्न हो । भाषिक सीप प्राप्त भयो वा भएन भनी जाँच्नका निम्ति पाठका अन्त्यमा दिइएका नमुना अभ्यासले भाषापाठ्यक्रमले अपेक्षा गरेअनुसारको उपलब्धी प्राप्त हुन सक्यो कि सकेन भन्ने कुराको जाँच गर्दछ । भाषापाठ्यपुस्तक अन्तर्गत नमुना अभ्यासमा समावेश गरिने प्रश्नहरूलाई विभिन्न आधारमा विभाजन गर्न सकिन्छ ।

### ३.४.१ मूल्याङ्कनात्मक र अभ्यासात्मक प्रश्न

यस आधारमा हेर्दा भाषापाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूमा मूल्याङ्कनात्मक र अभ्यासात्मक गरी दुई प्रकारका प्रश्नहरु हुन्छन् । भाषा शिक्षणका क्रममा विद्यार्थीहरूले के–कति भाषिक क्षमता प्राप्त गरे भनी मापन गर्नका निम्ति प्रयोग गरिने प्रश्नहरु मूल्याङ्कनात्मक हुन्छन् भने भाषाको विविध पक्षको प्रयोग, पुनः प्रयोगजस्ता प्रयासद्वारा सिकेका कुरालाई सवलीकरण गर्न उपयोग गरिने खालका प्रश्नहरू अभ्यासात्मक हुन्छन् । यसरी विद्यार्थीहरूको विविध पक्षलाई जाँच गरी निश्चित मापदण्डको आधारमा कुनै पनि विद्यार्थीलाई उच्च तहमा पुऱ्याउने हो वा नपुऱ्याउने भन्ने कुराको निर्क्यौल मूल्याङ्कनात्मक प्रश्नको उद्देश्य हो भने निरन्तर रूपमा विद्यार्थीको भाषिक सीप अभिबृद्धिमा मद्दत पुऱ्याउने काम अभ्यासात्मक प्रश्नहरूको उद्देश्य हो ।

## ३.४.२ विषयवस्तुमा आधारित प्रश्न

भषिक सीपलाई जोड दिइने भाषा शिक्षणमा विषयवस्तु गौण हुन्छ । तर पनि पाठमा प्रयुक्त विचार, सूचना अथवा घटनालाई तहअनुसार मिलाएर राख्नका लागि विषयवस्तु नभई नहुने कुरा हो । विषयवस्तुबाट अलग्ग रहेर भाषाका विषयमा प्रश्न निर्माण गर्न गाह्रो हुन्छ । त्यसका आधारमा भाषिक सीप हासिल हुने खालका अभ्यासको निर्माण गरिन्छ । विशेष गरी बोध, विवेचना, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या, समीक्षा, सार, भावार्थ, सिर्जना/रचनाजस्ता कुराहरूको अभ्यास विषयवस्तुकै आधारमा गराउनुपर्दछ । विषयवस्तुका आधारमा निर्माण गरिने प्रश्नहरू बोधमा भए वस्तुगत र विषयगत अनि अभिव्यक्तिमा भए विषयगत र निबन्धात्मक हुन्छन् । विषयगत प्रश्नहरूको निर्माण गर्दा आन्तरिक र बाह्य दुबै पक्षका शुद्धाशुद्धिलाई ख्याल गर्दै भाषिक स्पष्टता, सैद्धान्तिकता, हिज्जे आदिजस्ता सम्बद्ध पक्षहरूको पनि ख्याल गरिनुपर्दछ ।

## ३.४.३ भाषिक सीपमा आधारित प्रश्न

भाषाका मौखिक अभिव्यक्ति र लिखित अभिव्यक्तिसँग सम्बन्धित रहेर विभिन्न भाषिक सीपहरुको प्रतिनिधित्व गर्ने खालका प्रश्नहरूलाई भाषिक सीपमा आधारित प्रश्न भनिन्छ । विद्यार्थीहरूले आफूले पढेका शब्दहरूको सन्दर्भ मिलाएर प्रयोग गर्न, पढेका विषयवस्तुको

सारांश बताउन र लेख्न, आफूले देखेका, सुनेका अनि अनुभव गरेका विषयवस्तुमा अभिव्यक्ति दिनसक्ने भाषिक सीपमा आधारित अभ्यासहरू पाठ्यपुस्तकमा समाविष्ट भएका हुन्छन् । पाठ्पुस्तकमा रहने नमुना अभ्यासहरू सीपसँग सम्बन्धित प्रश्नहरू र क्रमैसँगले माथिल्ला कक्षाहरूमा लिखित सीपमा आधारित प्रश्नहरूलाई समावेश गरिनुपर्दछ । भाषिक सीप विकासका लागि सोसँग सम्बन्धित सबै एकाइहरूलाई विद्यार्थीको तह र स्तर अनुकुल हुने गरी एकैसाथ लिएर जानु उपयुक्त ठानिन्छ ।

## ३.४.४ प्रश्नको स्वरूप

भाषापाठ्यपुस्तकमा समावेश गरिएका पाठका अन्त्यमा भाषिक सीपको प्रकृतिका आधारमा विभिन्न प्रकारका प्रश्नहरू समावेश गरिएका हुन्छन् । भाषापाठ्पुस्तकमा विषयगत र वस्तुगत गरी जम्मा २ प्रकारका प्रश्नहरू समावेश गरिएका हुन्छन् । विषयगतभित्र सङ्क्षिप्त उत्तरात्मक प्रश्न र निबन्धात्मक प्रश्न पर्छन भने वस्तुगत प्रश्नअन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक–बेठीक छुट्याउने, बहुबैकल्पिकजस्ता प्रश्नहरू समावेश गरिएका हुन्छन् । यस्ता प्रश्नहरूमा जति विविधताको विकास गर्न सकियो त्यति नै बढी शिक्षण सिकाइलाई सजिलो एवम् प्रभावकारी बनाउन सकिन्छ ।

भाषापाठ्यपुस्तकका नमुना अभ्यासका निम्ति उपयोगी हुने विभिन्न स्वरूपका प्रश्नहरुलाई छोटकरीमा यहीं चर्चा गरिएको छ ।

### (क) निबन्धात्मक प्रश्न

खास विषयवस्तुको ज्ञान र भाषिक अभिव्यक्ति सीप जाँच्नका निम्ति सोधिने निबन्धात्मक प्रश्नहरू भाषिक दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । यस्ता प्रश्नहरूबाट विषयवस्तुको ज्ञानभन्दा विषयवस्तुको संयोजन, सङ्गठन, प्रस्तुतीकरण अभिव्यक्तिगत मौलिकता, भाषा प्रयोगको सन्दर्भगत उपयुक्तता विद्यार्थीहरूको क्षमता जाँच्नमा केन्द्रित रहेको हुन्छ । पाठ्यक्रमअन्तर्गत रहेको निबन्ध लेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखनसँग सम्बन्धित प्रश्नहरूलाई यसअन्तर्गत राख्न सकिन्छ । विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र प्रकाशनको अवसर प्रदान गर्नु, कुनै खास विषयवस्तुमा आफ्नो खास विचार र दृष्टिकोण प्रस्तुत गर्ने अवसर प्रदान गर्नु निबन्धात्मक प्रश्नका विशेषता हुन् ।

**(ख) सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

तोकिएका विषयवस्तुका बारेमा विद्यार्थीहरूले आफूले जानेका वा बुझेका कुरालाई लिखित वा मौखिक ढङ्गले अभिव्यक्ति प्रकट गर्नु नै सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उद्देश्य हो । पाठ्यसामग्री अध्ययन गरिसकेपछि खास उत्तर खोजेर मौखिक वा लिखित पक्षलाई समेट्नु सङ्क्षिप्त उत्तरात्मक प्रश्नको विशेषता हो ।

**(ग) वस्तुगत प्रश्न**

विशेष गरी प्रश्नपत्रमा नै एक दुई शब्द लेखी उत्तर दिन सकिने वा चिनो लगाएर उत्तर दिन सकिने खालका प्रश्नहरूलाई वस्तुगत प्रश्न भनिन्छ । वस्तुगत प्रश्नपत्रमा धेरै शब्दहरू समावेश गर्न सकिने र थोरै समयमा पनि धेरै कुराको जानकारी लिन सकिने हुन्छ । वस्तुगत प्रश्न निर्माण गर्दा विषयगत प्रश्न निर्माण गर्न जस्तो सजिलो नभई सावधानी अपनाउनु पर्ने हुन्छ ।

**(घ) सिर्जनात्मक प्रश्न**

विशेष गरी विद्यार्थीहरूले आफूले प्राप्त गरेका सीपका आधारमा आफ्नो प्रतिभा प्रस्तुत गरी उत्तर दिने खालका प्रश्नहरूलाई सिर्जनात्मक प्रश्न भनिन्छ । सिर्जनात्मक प्रश्न निर्माण गर्दा विद्यार्थीको तह, उमेर र रुचिलाई पनि ध्यान दिनुपर्दछ ।

अध्याय–चार

# व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

कक्षा ६ भनेको निम्न माध्यमिक तहको प्रथम खुड्किलो हो । यस कक्षाको शैक्षिक कार्यकलापमा नेपाली भाषाको स्थान महत्त्वपूर्ण रहेको छ । भाषिक व्यवहारमा विद्यार्थीहरूलाई सक्षम बनाउने लक्ष्य  नि.मा.वि. तहको रहेको हुन्छ । भाषा शिक्षणको उद्देश्य भनेको विद्यँथीहरूमा भाषाको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनुका साथै भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउनु पनि हो । यस अध्यायमा असल पाठ्यपुस्तकमा हुनुपर्ने नमुना अभ्यासका विशेषताका आधारमा कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली किताब' मा समाविष्ट भएका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण गरिएको छ ।

उक्त पाठ्यपुस्तकअन्तर्गत रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषणको प्रारम्भ शब्दार्थबाट गरिएको छ । विद्यार्थीहरूलाई कठिन लाग्ने किसिमका शब्दहरूलाई प्रत्येक पाठका पुछारमा प्रस्तुत गरिएको छ जसका कारणले गर्दा विद्यार्थीहरूलाई शब्दको अर्थ हेर्न सहज

भएको छ । यसरी पाठको शब्दार्थ खण्डमा प्रस्तुत गरिएका शब्दहरूलाई पर्यायवाची, विपरीतार्थक, पारिभाषिक/प्राविधिक, अनेकार्थक, अनुकरणात्मक, उखानटुक्का आदिमा वर्गीकरण गरिएको छ ।

जस्तै– हाम्रो नेपाली किताब

| | | | |
|---|---|---|---|
| पर्यायवाची | – | पद– पाउ, खुट्टा | (हाम्रो नेपाली किताब, पृष्ठ २) |
| विपरीतार्थक | – | दिन–रात | (हाम्रो नेपाली किताब, पृष्ठ ७६) |
| श्रुतिसमभिन्नार्थक | – | नाउ–नाउँ | (हाम्रो नेपाली किताब, पृष्ठ ६३) |
| पारिभाषिक | – | कानुन–नियम वा आदेश (कानुन क्षेत्र) | (हाम्रो नेपाली किताब, पृष्ठ १०१) |
| टुक्का | – | संसारलाई छाड्नु–मर्नु, स्वर्ग हुनु | (हाम्रो नेपाली किताब, पृष्ठ ४०) |
| उखान | – | ढुङ्गो खोज्दा देउता मिल्नु – खोजेभन्दा उत्तम वस्तु पाइनु | (हाम्रो नेपाली किताब, पृष्ठ ४१) |
| अनुकरणात्मक | - | झिमिक्क | (हाम्रो नेपाली किताब, पृष्ठ ६१) |

रसिलो नेपाली

| | | | |
|---|---|---|---|
| पर्यायवाची | - | खाँचो- अभाव | (रसिलो नेपाली, पृष्ठ ३) |
| विपरीतार्थक | - | अगाडि- पछाडि | (रसिलो नेपाली, पृष्ठ ३४) |
| श्रुतिसमभिन्नार्थक | - | दिसा- दिशा | (रसिलो नेपाली, पृष्ठ ६७) |
| पारिभाषिक | - | प्लेग-मुसाबाट सर्ने एक किसिमको रोग | (रसिलो नेपाली, पृष्ठ ७१) |
| टुक्का | - | जङ् चल्नु- रिस उठ्नु | (रसिलो नेपाली, पृष्ठ ८७) |

| | | | |
|---|---|---|---|
| उखान | - | हात्ती आयो, हात्ती आयो फुस्सा- केके न होला भनेको केही भएन | (रसिलो नेपाली, पृष्ठ ८९) |
| अनुकरणात्मक | - | धुरुधुरु | (रसिलो नेपाली, पृष्ठ ८२) |

पाठमा प्रयुक्त अन्य अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा विधागत विषयवस्तु अन्तर्गत दिइएका अभ्यास, भाषिक सीपसँग सम्बन्धित अभ्यास, व्याकरणसँग सम्बन्धित अभ्यास र शब्दभण्डारसँग सम्बन्धित अभ्यासको छुट्टाछुट्टै शीर्षक एवम् उपशीर्षकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

विधागत विषयवस्तुमा आधारित अभ्यासको विश्लेषण गर्दा प्रश्नहरूको तहमा कण्ठस्थ, बोध, प्रयोग र सिर्जनाजस्ता कुरालाई आधार बनाइएको छ । पाठमा दिइएका विधागत विषयवस्तु घोकेर अथवा कण्ठ गरेर प्रश्नको उत्तर दिनुपर्ने खालका अभ्यासलाई कण्ठस्थअन्तर्गत राखिएको छ ।

जस्तै– <u>हाम्रो नेपाली किताब</u>

(क) भिक्षुको मातृभाषा..........................थियो । (हाम्रो नेपाली किताब, पृष्ठ ३०)

(ख) ब्राह्मणको अग्निकवच केले कसरी लग्यो ? (हाम्रो नेपाली किताब, पृष्ठ ८३)

<u>रसिलो नेपाली</u>

(क) लम्बकण्ठलाई बूढा उँटहरूले किन सम्झाए ? (रसिलो नेपाली, पृष्ठ १७)

(ख) दूरबिन कस्तो यन्त्र हो ? (रसिलो नेपाली, पृष्ठ ५५)

त्यस्तै पाठमा प्रयुक्त वा बाह्य अनुच्छेदहरू ध्यानपूर्वक बढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर लेख्ने किसिमका अभ्यासलाई बोधसँग सम्बन्धित अभ्यास अन्तर्गत राखिएको छ । यस्ता अभ्यासबाट विद्यार्थीहरूमा बुझेर पढ्ने बानीको विकास गराउन सकिन्छ ।

जस्तै–<u>हाम्रो नेपाली किताब</u>

(क) मौसमा देखा परेका समस्याहरु केके हुन् ? (हाम्रो नेपाली किताब, पृष्ठ ९७)

(ख) तुलसीमेहरको सम्झनामा नेपालमा अहिले कुनकुन संस्थाहरू स्थापना भएका छन् ? (हाम्रो नेपाली किताब, पृष्ठ १३२)

रसिलो नेपाली

(क) मायादेवी किन माइत नगई फर्किइन् ?

(ख) सिद्धार्थकी कान्छी आमाको नाम के थियो ? (रसिलो नेपाली किताब, पृष्ठ १०३)

उक्त पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासलाई प्रयोगात्मक प्रश्नका आधारमा पनि विश्लेषण गरिएको छ । विषयगत र वस्तुगत गरी प्रश्नहरू २ किसिमका हुन्छन् । उदाहरण स्वरुप ठीक/बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक आदिलाई लिन सकिन्छ । विशेष गरी यस्ता प्रश्नहरू विद्यार्थीले प्रयोगात्मक किसिमले गर्नुपर्छ । यसबाट विद्यार्थीहरूमा खोजेर पढ्ने बानीको विकास हुन्छ ।

जस्तै–

(क) ठीक/बेठीक छुट्याऊ :

हाम्रो नेपाली किताब

१. उखुमा 'चिनी' र आलुमा 'स्टार्च' बनाउने काम फस्फोरसले गर्छ ।

२. पातपतिङ्गर कुहाएर बनाएको मललाई कम्पोस्ट मल भन्नदछन् ।

(हाम्रो नेपाली किताब, पृष्ठ ५०)

रसिलो नेपाली

(ख) विभक्ति राखी खाली ठाउँ भर :

१. किताब झोला............छ ।

२. पूजाका .........फूल टिप । (रसिलो नेपाली, पृष्ठ १०४)

(ग) जोडा मिलाऊ :

| | |
|---|---|
| चैत–वैशाख | शरद |
| जेठ–असार | हेमन्त |
| साउन–भदौ | शिशिर |
| असोज–कार्तिक | वसन्त |
| मङ्सिर–पुस | ग्रीष्म |
| माघ–फागुन | वर्षा |

(रसिलो नेपाली, पृष्ठ ४१)

(घ) मिल्ने शब्दमा ठीक (✓) चिन्ह लगाऊ :

<u>हाम्रो नेपाली किताब</u>

१. युधिष्ठिर जलाशय पुगे ।

(भाइहरूको खोजी गर्न, पानी खोज्न, अग्निकवच लिन)

२. कौरवले पाण्डवलाई हराए ।

(बलपूर्वक, कपटपूर्वक, बुद्धिपूर्वक) (हाम्रो नेपाली किताब, पृष्ठ ८४)

<u>रसिलो नेपाली</u>

१. रेल कस्तो साधन हो ?

(अ) यातायातको (आ) सञ्चारको (इ) कम्प्युटरको

२. दार्जिलिङ कुन देशमा पर्दछ ?

(अ) नेपालमा (आ) भारतमा (इ) बङ्गलादेशमा (रसिलो नेपाली, पृष्ठ ८१)

विधागत विषयवस्तुमा आधारित अभ्यासमा सिर्जनात्मक तहका प्रश्नहरू पनि रहेका हुन्छन् । सिर्जनात्मक अभ्यासबाट विद्यार्थीहरूमा सिर्जनशील बानीको विकास गराउन सकिन्छ । यस्ता प्रश्नहरू विशेष गरी स्वतन्त्र लेखनसँग सम्बन्धित हुन्छन् ।

<u>हाम्रो नेपाली किताब</u>

१. 'बोटबिरुवाको महत्त्व' विषयमा असी शब्दसम्मको प्रबन्ध लेख ।

(हाम्रो नेपाली किताब, पृष्ठ १०२

<u>रसिलो नेपाली</u>

१. तिमी आफूले सुनेको कुनै कथा छोटकरीका लेख ।     (रसिलो नेपाली, पृष्ठ ६८)

व्याकरणसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा अभ्यासमा समावेश गरिएका प्रश्नहरूलाई परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी चार भागमा विभाजन गरिएको छ । अभ्यासमा भएका व्याकरणिक प्रश्नहरूको उत्तर दिंदा चिनारी वा जनाउ दिए मात्र पुग्ने किसिमका समस्यालाई परिचयात्मक अन्तर्गत समावेश गरिएको छ ।

जस्तै: <u>हाम्रो नेपाली किताब</u>

(क) लिङ्गका आधारमा वाक्य परिवर्तन गर ।

१. तँ यो कुरा भन्छेस् ।

२. भान्जी आइन् ।     (हाम्रो नेपाली किताब, पृष्ठ ११३)

<u>रसिलो नेपाली</u>

(ख) तलका वाक्य कुन कालका हुन् ? छुट्याऊ :

१. म खाँदै छु ।

२. उनीहरू गएका छन् ।

(रसिलो नेपाली, पृष्ठ ४२)

प्रयोगात्मकतर्फ विद्यार्थी आफैँलाई व्याकरणिक नियम तथा अभ्यासहरूलाई प्रयोग गरेर देखाउन भनिएका प्रश्नहरू समावेश गरिएको छ । यसअन्तर्गत खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने जस्ता प्रश्नलाई स्थान दिइएको छ ।

जस्तै : हाम्रो नेपाली

(क) खाली ठाउँमा मिल्ने विशेषण शब्द भर :

१. कुकुरको पुच्छर.......................... हुन्छ ।

२. घैंटाको पिंधमा....................... पानी थियो । (हाम्रो नेपाली किताब, पृष्ठ ९२)

रसिलो नेपाली

(क) तलका वाक्यमा ठीक विभक्ति लगाई खाली ठाउँ भर :

१. राम.................म................बोलायो ।

२. राम............... भाइ धेरै पढ्छ । (रसिलो नेपाली,पृष्ठ १०४)

व्याकरणिक अभ्यासमा समाविष्ट समस्याहरूलाई सम्बन्धित नियमका आधारमा छुट्याउन लगाइएका प्रश्नहरूलाई पहिचनात्मकतर्फ समावेश गरिएको छ ।

जस्तै : हाम्रो नेपाली किताब

(क) पाठको अन्तिम अनुच्छेदबाट चारओटा विशेषण शब्द खोजेर लेख ।

(हाम्रो नेपाली किताब,पृष्ठ ९२)

रसिलो नेपाली

(क) 'ई' प्रत्यय लगाई नयाँ शब्द बनाऊ :

नेपाल + ई =

हिमाल + ई =

भारत + ई =

(रसिलो नेपाली, पृष्ठ ६७)

भाषाका चारओटा सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई भाषिक सीपसँग सम्बन्धित अभ्यासका आधारमा वर्गीकरण गरिएको छ ।

हाम्रो नेपाली किताब

(क) 'ईश्वरस्तुति' कविता लय मिलाएर पढ । (हाम्रो नेपाली किताब, पृष्ठ ३)

(ख) प्रस्टसँग उच्चारण गर ।

सङ्गत, यक्ष, नहकुल, पृथ्वी, कर्तव्य, माद्रीपुत्र (हाम्रो नेपाली किताब, पृष्ठ ८५)

रसिलो नेपाली

(क) तिमीले गाउँघर, टोलछिमेकमा कुनै समयमा महत्त्वपूर्ण काम गरेको हुनुपर्छ । उक्त काम कक्षामा अगाडि आएर सुनाऊ । (रसिलो नेपाली, पृष्ठ ४८)

(ख) 'सबै मेरा गुरु' कवितालाई आफ्नै भाषामा लेख । (रसिलो नेपाली, पृष्ठ ६१)

शब्दभण्डारसँग सम्बन्धित रहेका अभ्यासको विश्लेषण गर्दा पर्यायवाची, अनुकरणात्मक, विपरीतार्थक, प्राविधिक/पारिभाषिक, श्रुतिसमभिन्नार्थक आदिमा आधारमा वर्गीकरण गरी आ–आफ्नो समूहमा राखिएको छ ।

### ४.२ 'हाम्रो नेपाली किताब' कक्षा ६ मा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

कक्षा ६ को 'हाम्रो नेपाली किताब' आधिकारिक नेपाली भाषापाठ्यपुस्तक हो । यो पुस्तक धैरे जसो सामुदायिक विद्यालयहरूमा र केही संस्थागत विद्यालयमा पनि उपयोग भएको पाइन्छ । यस पुस्तकमा रहेका नमुना अभ्यासको विश्लेषण निम्न ढङ्गले गरिएको छ –

### ४.२.१ शब्दार्थको व्याख्या तथा विश्लेषण

तालिका नं. १ : पाठमा प्रयुक्त कठिन शब्दका अर्थको प्रस्तुतीगत विवरण

| क्र.सं. | शब्दको किसिम | शब्दसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पारिभाषिक/ प्राविधिक | १६९ | ४८.७० |
| २. | पर्यायवाची | १६७ | ४८.१३ |
| ३. | अनुकरणात्मक | ३ | ०.८६ |
| ४. | विपरीतार्थक | ३ | ०.८६ |
| ५. | उखान/टुक्का | ५ | १.४४ |
| | जम्मा | ३४७ | १०० |

स्रोत: कक्षा ६ को हाम्रो नेपाली किताब

माथिको तालिकाअनुसार कक्षा ६ को 'हाम्रो नेपाली किताब' अन्तर्गत जम्मा २२ ओटा पाठ रहेका छन् । ती पाठका अन्त्यमा जम्मा ३४७ ओटा कठिन शब्दका अर्थ दिइएका छन् । उक्त शब्दहरूलाई पारिभाषिक/प्राविधिक, पर्यायवाची, अनुकरणात्मक, विपरीतार्थक र उखानटुक्का गरी ५ ओटा समूहमा विभाजन गरी हेर्दा पारिभाषिक/प्राविधिकतर्फ १६९ ओटा अर्थात् ४८.७०%, पर्यायवाचीतर्फ १६७ ओटा अर्थात् ४८.१३%, अनुकरणात्मकतर्फ ३ ओटा अर्थात् ०.८६%, विपरीतार्थकतर्फ ३ ओटा अर्थात् ०.८६ % र उखानटुक्कातर्फ ५ ओटा अर्थात् १.४४% शब्दहरू रहेका छन् ।

माथिको विवरणलाई हेर्दा के थाहा पाउन सकिन्छ भने कक्षा ६ को 'हाम्रो नेपाली किताब' अन्तर्गत रहेका २२ ओटा पाठमा समाविष्ट कठिन शब्दहरूमध्ये सबैभन्दा बढी पारिभाषिक/प्राविधिक शब्द रहेका छन् । त्यसपछि पर्यायवाची शब्द दोस्रो स्थानमा रहेका छन् भने अनुकरणात्मक, विपरीतार्थक र उखानटुक्का जस्ता शब्दहरू निकै नै न्यून सङ्ख्यामा रहेको पाइन्छ ।

## ४.२.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

| क्र.सं. | विधा | श्रुतिलेखन | प्रयोगात्मक | लयवाचन | सङ्क्षिप्त उत्तरात्मक | व्याख्यात्मक | अनुक्रम लेखन | पहिचानात्मक | उच्चारण | विवेचनात्मक | सस्वरवानात्मक | सृजनात्मक | छलफल | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कथा ५ | २ | १६ | | ३५ | ९ | | ३४ | ४ | ७ | २ | ११ | १ | १२१ | २४.४९ |
| २. | कविता ४ | २ | १५ | ४ | २४ | ६ | १ | २८ | ४ | ९ | | ५ | | ९८ | १९.८४ |
| ३. | जीवनी ४ | १ | २१ | | २६ | १० | | १० | ४ | ४ | | ११ | १ | ८८ | १७.८१ |
| ४. | प्रबन्ध ५ | १ | १२ | | ३१ | १२ | | ३० | १ | १० | २ | १३ | ५ | ११७ | २३.६८ |
| ५. | चिठी १ | | ४ | | ५ | २ | | २ | १ | | १ | ३ | | १८ | ३.६४ |
| ६. | रूपक ३ | १ | ६ | | १३ | ४ | | ९ | २ | ६ | ३ | ७ | १ | ५२ | १०.५३ |
| जम्मा | २२ | ७ | ७४ | ४ | १३४ | ४३ | १ | ११३ | १६ | ३६ | ८ | ५० | ८ | ४९४ | १०० |

तालिका सङ्ख्या २ : अभ्यासहरूको विधागत विवरण

स्रोत : कक्षा ६ हाम्रो नेपाली किताब

माथिको तालिकामा कक्षा ६ को '**हाम्रो नेपाली किताब**' अन्तर्गत रहेका नमुना अभ्यासहरूको विधागत विश्लेषण गरिएको छ । नमुना अभ्यासको विश्लेषणका क्रममा प्रश्नहरूलाई श्रुतिलेखन, प्रयोगात्मक, लयवाचन, सङ्क्षिप्त उत्तरात्मक, व्याख्यात्मक, अनुक्रम लेखन, पहिचानात्मक, उच्चारण, विवेचनात्मक, सस्वरवाचन, छलफल, सिर्जनात्मक गरी विभिन्न शीर्षकमा बाँडिएको छ । शिक्षकले केही कुरा भनी विद्यार्थीहरूलाई लेख्न लाउने खालका प्रश्नहरूलाई श्रुतिलेखनको शीर्षकमा समेटिएको छ । नमुना अभ्यासमा रहेका खाली ठाउँ भर्ने र वाक्यमा प्रयोग गर्नेजस्ता प्रश्नहरूलाई प्रयोगात्मक शीर्षकमा राखिएको छ । कवितामा लय मिलाएर पढ भनिएका प्रश्नहरूलाई लयवाचनको शीर्षक दिइएको छ । पाठ पढेका आधारमा तत्कालै उत्तर दिन सक्ने खालका प्रश्नहरूलाई सङ्क्षिप्त उत्तरात्मकतर्फ राखिएको छ । त्यसैगरी व्याख्या गर्ने प्रश्नहरूलाई व्याख्या, सिलसिला मिलाएर लेख्ने प्रश्नहरूलाई अनुक्रम लेखन, पहिचान गरी लेख्ने प्रश्नहरूलाई पहिचानात्मक, उच्चारण गर भनी दिइएका प्रश्नहरूलाई उच्चारण, शिक्षार्थीको मौलिकता, विषयवस्तुको सङ्गठन आदि क्षमता जाँच्ने खालका प्रश्नलाई विवेचनात्मक, पाठका विभिन्न अनुच्छेद गति, यति मिलाएर शुद्ध र स्पष्टसँग सबैले सुन्न सक्ने गरी वाचन गर्ने खालका प्रश्नहरूलाई सस्वरवाचन, विद्यार्थीका बीचमा छलफल गरी निष्कर्ष निकाल्ने किसिमका प्रश्नहरूलाई छलफल र विद्यँथींको सिर्जनात्मक क्षमताको विकास गर्ने मनसायले राखिएका प्रश्नहरूलाई सिर्जनात्मक भनी विभिन्न शीर्षक चयन गरी अभ्यासहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

माथि प्रस्तुत गरिएको तालिका नं. २ लाई हेर्दा कक्षा ६ को '**हाम्रो नेपाली किताब**' अन्तर्गत रहेका कथा विधाको नमुना अभ्यासका प्रश्नहरूलाई बेग्लाबेग्लै १२ ओटा शीर्षकका आधारमा विभाजन गरिएको छ । उक्त पुस्तकमा प्रयुक्त ५ ओटा कथाका नमुना अभ्यास अन्तर्गत जम्मा १२१ ओटा प्रश्नहरू अर्थात् २४.४९ प्रतिशत प्रश्नहरू रहेका छन् । कथा विधामा अनुक्रम लेखनका अभ्यासहरू समावेश गरिएका छैनन् ।

कविता विधाको नमुना अभ्यासका प्रश्नहरूलाई पनि बेग्लाबेग्लै १२ ओटा शीर्षकका आधारमा विभाजन गरिएको छ । उक्त पुस्तकमा प्रयुक्त ४ ओटा कविताका नमुना अभ्यास अन्तर्गत जम्मा ९८ ओटा प्रश्नहरू अर्थात् १९.८४ प्रतिशत प्रश्नहरू रहेका छन् ।

जीवनी विधाको नमुना अभ्यासका प्रश्नहरूलाई पनि बेग्लाबेग्लै १२ ओटा शीर्षकका आधारमा विभाजन गरिएको छ । उक्त पुस्तकमा प्रयुक्त ४ ओटा जीवनीका नमुना अभ्यास अन्तर्गत जम्मा ८८ ओटा प्रश्नहरु अर्थात् १७.८१ प्रतिशत प्रश्नहरू रहेका छन् । जीवनी विधामा सस्वरवाचनसँग सम्बन्धित प्रश्नहरु समावेश गरिएका छैनन् ।

प्रबन्ध विधाको नमुना अभ्यासका प्रश्नहरूलाई पनि बेग्लाबेग्लै १२ ओटा शीर्षकका आधारमा विभाजन गरिएको छ । उक्त पुस्तकमा प्रयुक्त ५ ओटा प्रबन्धका नमुना अभ्यास अन्तर्गत जम्मा ११७ ओटा प्रश्नहरू अर्थात् २३.६८ प्रतिशत प्रश्नहरू रहेका छन् । यस विधामा अनुक्रम लेखन सम्बन्धी प्रश्नहरू समावेश गरिएका छैनन् ।

यस पुस्तकमा एउटा चिठी समावेश गरिएको छ । चिठी विधा अन्तर्गत जम्मा १८ ओटा प्रश्नहरू अर्थात् ३.६४ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् । यस विधामा अनुक्रम लेखन र छलफलसँग सम्बन्धित प्रश्नहरू राखिएका छैनन् ।

पाठ्यपुस्तकमा रहेका संवाद, वादविवाद र निवेदन विधालाई रुपक विधाअन्तर्गत राखिएको छ । यसमा जम्मा ५२ ओटा प्रश्नहरू अर्थात् १०.५३ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् । यस विधाअन्तर्गत अनुक्रम लेखनसँग सम्बन्धित प्रश्नहरू नमुना अभ्यासमा समावेश गरिएका छैनन् भने श्रुतिलेखन र छलफलसँग सम्बन्धित प्रश्नहरूको संख्या पनि १–१ मात्र (अति न्यून) रहेको देखिन्छ ।

यसरी विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण गर्दा कक्षा ६ को '**हाम्रो नेपाली किताब**' अन्तर्गत रहेका सबै विधामा श्रुतिलेखन सम्बन्धी ७ ओटा प्रश्न, प्रयोगाात्मकतर्फ ७४ ओटा प्रश्न, लयवाचन सम्बन्धी ४ ओटा प्रश्न (कवितामा मात्र), पहिचनात्मक सम्बन्धी ११३ ओटा प्रश्न, उच्चारणसम्बन्धी १६ ओटा प्रश्न, विवेचनात्मकसम्बन्धी ३६ ओटा प्रश्न, सस्वरवाचनसम्बन्धी ८ ओटा प्रश्न, सिर्जनात्मक सम्बन्धी ५० ओटा प्रश्न, सङ्क्षिप्त उत्तरात्मकसम्बन्धी १३४, अनुक्रम लेखन–१, व्याख्यात्मक–४३ र छलफलसँग सम्बन्धित जम्मा ८ ओटा प्रश्नहरू रहेका छन् ।

यसरी यस पाठ्यपुस्तकअन्तर्गत रहेका नमुना अभ्यासका विभिन्न प्रकारका प्रश्नहरूलाई हेर्दा संक्षिप्ततर्फ धेरै प्रश्नहरू त्यसपछि पहिचानात्मक, प्रयोगात्मक, सिर्जनात्मक, व्याख्यात्मक, विवेचनात्मक, उच्चारण, सस्वरवाचन, छलफल, श्रुतिलेखन, लयवाचन, अनुक्रम

गरी प्रश्नहरूको सङ्ख्या क्रमश: घट्दै गएको देखिन्छ । यसरी हेर्दा के कुरा प्रस्ट देखिन्छ भने नमुना अभ्यासमा सङ्क्षिप्त उत्तरात्मक प्रश्नतर्फ बढी जोड दिइएको छ ।

### ४.२.३ भाषिक सीपसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या ३ : भाषिक सीपसँग सम्बन्धित अभ्यासको विवरण

| क्र.सं. | विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | कथा | ६ | ७ | ११ | २३ | ४७ | २१.६५ |
| २. | कविता | ५ | ४ | १५ | २६ | ५० | २३.८४ |
| ३. | जीवनी | ३ | ६ | ५ | २२ | ३६ | १६.५८ |
| ४. | प्रबन्ध | ३ | ८ | ११ | २४ | ४६ | २१.१९ |
| ५. | चिठी | ३ | ४ | २ | १० | १९ | ८.७५ |
| ६. | रुपक | २ | ४ | ३ | १० | १९ | ८.७५ |
| जम्मा | | २२ | ३३ | ४७ | ११५ | २१७ | १०० |
| प्रतिशत | | १०.१३ | १५.२० | २१.६५ | ५३.०० | १०० | |

माथिको तालिका सङ्ख्या ३ अन्तर्गत भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासको तथ्यगत विश्लेषण गरिएको छ । यसअनुसार कथा विधामा सुनाइसँग सम्बन्धित ६, बोलाइमा ७, पढाइमा ११ र लेखाइमा २३ गरी जम्मा ४७ ओटा अर्थात् २१.६५ प्रतिशत नमुना अभ्यासहरू दिइएका छन् ।

कविता विधामा सुनाइसँग सम्बन्धित ५, बोलाइमा ४, पढाइमा १५ र लेखाइमा २६ गरी जम्मा ५० ओटा अर्थात् २३.८४ प्रतिशत नमुना अभ्यासहरू दिइका छन् ।

जीवनी विधामा सुनाइसँग सम्बन्धित ३, बोलाइमा ६, पढाइमा ५ , लेखाइमा २२ गरी जम्मा ३६ ओटा अर्थात् १६.५८ प्रतिशत नमुना अभ्यासहरू दिइएका छन् ।

प्रबन्ध विधामा सुनाइसँग सम्बन्धित ३, बोलाइमा ८, पढाइमा ११ र लेखाइमा २४ गरी जम्मा ४६ ओटा अर्थात् २१.१९ प्रतिशत नमुना अभ्यासहरू दिइएका छन् ।

चिठी विधामा सुनाइसँग सम्बन्धित ३, बोलाइमा ४, पढाइमा २ र लेखाइमा १० गरी जम्मा १९ ओटा अर्थात् ८.७५ प्रतिशत नमुना अभ्यासहरू दिइएका छन् ।

रुपक विधामा सुनाइसँग सम्बन्धित २ बोलाइमा ४, पढाइमा ३ र लेखाइमा १० गरी जम्मा १९ ओटा अर्थात् ८.७५ प्रतिशत नमुना अभ्यासहरू दिइएका छन् ।

माथिको तथ्याङ्कका आधारमा हेर्दा भाषिक सीपसँग सम्बन्धित सबैभन्दा बढी अभ्यास कविता विधामा र त्यसपछि क्रमश: कथा, प्रबन्ध, जीवनी, चिठी र रुपक विधामा रहेका छन्

भाषिक सीपका आधारमा हेर्दा सुनाइतर्फ २२ ओटा अर्थात् १०.१३%, बोलाइतर्फ ३३ ओटा अर्थात् १५.२० %, पढाइतर्फ ४७ ओटा अर्थात् २१.६५% र लेखाइतर्फ ११५ ओटा अर्थात् ५३% नमुना अभ्यासहरु समावेश गरिएका छन् । यस तथ्यका आधारमा हेर्दा के स्पष्ट हुन्छ भने कक्षा ६ को ...हाम्रो नेपाली किताब' मा भाषिक सीप अन्तर्गत रहेको लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू बढी मात्रामा समाविष्ट गरिएका छन् भने अन्य पढाइ, बोलाइ र सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरूलाई उपेक्षा गरिएको जस्तो देखिन्छ ।

### ४.२.४ व्याकरणसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या ४ व्याकरणसँग सम्बन्धित नमुना अभ्यासहरूको शीर्षकगत विवरण

| क्र.सं. | व्याकरण | परिचयात्मक | धारणात्मक | पहिचानात्मक | प्रयोगात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | पदसङ्गति | ५ | ७ | ४ | ८ | २४ | ९.०५ |
| २. | लिङ्ग | | २ | १ | २ | ५ | १.८८ |
| ३. | वचन | १ | २ | ५ | १ | ९ | ३.३९ |
| ४. | पुरुष | | ५ | ५ | ७ | १७ | ६.४१ |
| ५. | काल | ३ | ६ | ४ | ४ | १७ | ६.४१ |
| ६. | पक्ष | २ | ४ | ३ | ६ | १५ | ५.६६ |
| ७. | भाव | १ | ६ | ११ | २ | २० | ७.५४ |
| ८. | वर्णविन्यास | १ | | २ | १ | ४ | १.५ |
| ९. | विराम चिन्ह | १ | ४ | २ | १ | ८ | ३.०१ |
| १०. | विभक्ति | | ६ | १० | ६ | २२ | ८.३ |
| ११. | क्रियापद | १ | ३ | २ | ३ | ९ | ३.३९ |
| १२. | वाक्य परिवर्तन | | १२ | ५ | १५ | ३२ | १२.०७ |
| १३. | शब्दभण्डार | ३ | ३ | ७ | ५ | १८ | ६.७९ |
| १४. | शब्दवर्ग | ३ | ३ | ७ | ६ | १९ | ७.१६ |
| १५. | नाम | ४ | १ | २ | ३ | १० | ३.७७ |
| १६. | सर्वनाम | १ | | ७ | १० | १८ | ६.७९ |
| १७. | विशेषण | १ | | ७ | २ | १० | ३.७७ |
| १८. | उखान/टुक्का | १ | १ | २ | ४ | ८ | ३.०१ |
| जम्मा | | २८ | ६५ | ८६ | ८६ | २६५ | |
| प्रतिशत | | १०.५६ | २४.५२ | ३२.४५ | ३२.४५ | | १०० |

स्रोत: कक्षा ६ हाम्रो नेपाली किताब

व्याकरणसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण गरेर हेर्दा पदसङ्गतिसम्बन्धी अभ्यास जम्मा २४ ओटा अर्थात् ९.०५%, लिङ्गसँग सम्बन्धित अभ्यास जम्मा ५ ओटा अर्थात् १.८८%, वचनसँग सम्बन्धित अभ्यास जम्मा ९ ओटा अर्थात् ३.३९%, पुरुषसँग सम्बन्धित

अभ्यास जम्मा १७ ओटा अर्थात् ६.४१%, कालसँग सम्बन्धित अभ्यास जम्मा १७ ओटा अर्थात् ६.४१%, पक्षसँग सम्बन्धित अभ्यास जम्मा १५ ओटा अर्थात् ५.६६%, भावसँग सम्बन्धित अभ्यास जम्मा २० ओटा अर्थात् ७.५४%, वर्णविन्याससँग सम्बन्धित अभ्यास जम्मा ४ ओटा अर्थात् १.५०%, विरामचिन्हसँग सम्बन्धित अभ्यास जम्मा ८ ओटा अर्थात् ३.०१%, विभक्तिसँग सम्बन्धित अभ्यास जम्मा २२ ओटा अर्थात् ८.३०%, क्रियापदसँग सम्बन्धित अभ्यास जम्मा ९ ओटा अर्थात् ३.३९%, वाक्यपरिवर्तनसँग सम्बन्धित अभ्यास जम्मा ३२ ओटा अर्थात् १२.०७%, शब्दभण्डारसँग सम्बन्धित अभ्यास जम्मा १८ ओटा अर्थात् ६.७९%, शब्दवर्गसँग सम्बन्धित अभ्यास जम्मा १९ ओटा अर्थात् ७.१६%, नामसँग सम्बन्धित अभ्यास जम्मा १० ओटा अर्थात् ३.७७%, सर्वनामसँग सम्बन्धित अभ्यास जम्मा १८ ओटा अर्थात् ६.७९%, विशेषणसँग सम्बन्धित अभ्यास जम्मा १० ओटा अर्थात् ३.७७%, उखान/ टुक्कासँग सम्बन्धित अभ्यास जम्मा ८ ओटा अर्थात् ३.०१% अभ्यास समाविष्ट रहेको कुरा माथिको तालिकाबाट स्पष्ट भएको छ । व्याकरणअन्तर्गतका विभिन्न शीर्षकलाई हेर्दा सबैभन्दा बढी वाक्यपरिवर्तनसँग सम्बन्धित अभ्यासहरू रहेको पाइन्छ भने सबभन्दा कम वर्णविन्याससँग सम्बन्धित अभ्यास रहेको पाइन्छ ।

माथिको तालिकाका आधारमा हेर्दा परिचयात्मक अभ्यासतर्फ जम्मा २८ ओटा अर्थात् १०.५६%, धारणात्मक अभ्यासतर्फ जम्मा ६५ ओटा अर्थात् २४.५२%, पहिचानात्मक अभ्यासतर्फ जम्मा ८६ ओटा अर्थात् ३२.४५% र प्रयोगात्मक अभ्यासतर्फ जम्मा ८६ ओटा अर्थात् ३२.४५% अभ्यासहरू समाविष्ट भएको पाइन्छ । यसरी माथिको तालिकाको तथ्यको आधारमा हेर्दा सबैभन्दा बढी पहिचानात्मक र प्रयोगात्मकतर्फका अभ्यासलाई सबभन्दा बढी स्थान दिइएको पाइन्छ भने सबभन्दा कम परिचयात्मक किसिमका अभ्यासलाई स्थान दिइएको पाइन्छ ।

## ४.३ 'रसिलो नेपाली' कक्षा ६ मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण

'रसिलो नेपाली' किताब पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित कक्षा ६ को नेपाली भाषा पाठ्यक्रममा आधारित भएर तयार पारिएको पाठ्यपुस्तक हो । यसलाई निजि विद्यालयहरूले पाठ्यसामग्रीको रूपमा प्रयोग गर्दै आएको पाइन्छ । यस पुस्तकमा समावेश भएका नमुना अभ्यासलाई विभिन्न शीर्षक अन्तर्गत राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ शब्दार्थको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या ५ : पाठमा प्रयुक्त कठिन शब्दका अर्थको प्रस्तुतीगत विवरण

| क.सं. | शब्दको किसिम | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पारिभाषिक/प्राविधिक | ७६ | ४६.९१ |
| २. | पर्यायवाची | ७१ | ४३.८३ |
| ३. | अनुकरणात्मक | ४ | २.४७ |
| ४. | विपरीतार्थक | १ | ०.६१ |
| ५. | उखान/टुक्का | १० | ६.१७ |
| | जम्मा | १६२ | १०० |

स्रोत : कक्षा ६ रसिलो नेपाली

माथिको तालिकामा '**रसिलो नेपाली**' कक्षा ६ मा प्रयोग भएका कठिन शब्दहरूको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस भाषा पाठ्यपुस्तक अन्तर्गत रहेका १८ ओटा पाठका अन्त्यमा जम्मा १६२ ओटा कठिन शब्दहरूको अर्थ दिइएको छ । ती शब्दहरूमध्ये पारिभाषिक/प्राविधिक ७६ ओटा अर्थात् ४६.९१% ,पर्यायवाची ७१ ओटा अर्थात् ४३.८३% , अनुकरणात्मक ४ ओटा अर्थात् २.४७%, विपरीतार्थक एउटा अर्थात् ०.६१% र उखानटुक्का १० ओटा अर्थात् ६.१७% रहेको देखिन्छ । शब्दार्थको यस तथ्याङ्कलाई हेर्दा पारिभाषिक/प्राविधिक शब्दहरू अधिक रहेको पाइन्छ । त्यसपछि पर्यायवाची दोस्रो स्थानमा रहेका छन् भने उखानटुक्का, अनुकरणात्मक र विपरीतार्थक शब्द अत्यन्तै न्यून रहेको देखिन्छ ।

### ४.३.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या ६ : अभ्यासहरूको  विधागत विवरण :**

| क्र.सं. | विधा | श्रुतिलेखन | प्रयोगात्मक | लयवाचन | सङ्क्षिप्तउत्तरात्मक | व्यकरणात्मक | अनुक्रमलेखन | पहिचानात्मक | बोधप्रश्नोत्तर | उच्चारण | मौखिक | विवेचनात्म | सस्वरबाचन | अनुलेखखन | सिर्जनात्मक | छ्लफल | तर्कपूर्ण | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कथा-५ | ३ | १५ | - | ३६ | ४ | - | ३९ | १ | ६ | २ | १७ | ८ | ५ | ७ | २ | ३ | १४८ | २७.८१ |
| २ | कविता-४ | १ | १९ | ३ | ३१ | ७ | २ | २४ | — | ४ | १ | ८ | ४ | २ | ८ | - | - | ११४ | २१.४२ |
| ३ | जीवनी-३ | १ | ३ | - | २५ | ४ | - | १६ | २ | ५ | १ | ९ | ५ | ३ | ६ | — | - | ८० | १६.१६ |
| ४ | निबन्ध-३ | २ | ८ | - | १७ | ३ | - | २५ | १ | ४ | २ | ३ | ४ | ४ | ७ | १ | — | ८.६ | ८.८३ |
| ५ | चिठी-२ | १ | १ | - | ५ | १ | - | १६ |  | २ | १ | — | ३ | ३ | १० | — | - | ४७ | १०.७१ |
| ६ | रूपक-२ | ० | ९ | - | १२ | ४ | - | १३ | - | ५ | — | — | ५ | ३ | ४ | २ | — | ५७ |  |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १८ | ८ | ५५ | ३ | १२६ | २३ | २ | १३३ | ५ | ३८ | ७ | ४५ | २८ | २० | ४२ | ५ | ३ | ५३२ | |
| | प्रतिशत | १.५० | १०.३३ | ०.५६ | २३.६८ | ४.३२ | ०.३७ | २५ | ०.९४ | ४.८८ | १.३१ | ८.४५ | ५.४५ | ३.७६ | ७.९ | ०.९४ | ०.५६ | | |

(स्रोत: कक्षा ६ रसिलो नेपाली)

उक्त तालिकामा  विधासँग सम्बन्धित अभ्यासहरूको तथ्यगत सूचना प्रस्तुत गरिएको छ । प्रश्नका प्रकृतिका आधारमा कथा विधामा लयवाचन, अनुक्रम लेखन जस्ता प्रश्नहरू राखिएको पाईंदैन । श्रुतिलेखनतर्फ ३, प्रयोगात्मक १५, सङ्क्षिप्तउत्तरात्मक ३६, व्याख्यात्मक ४, पहिचानात्मक ३९, बोधप्रश्नोत्तर १, उच्चारण ६, मौखिक २ विवेचनात्मक १७, सस्वर वाचन ८, अनुलेखन ५, श्रृजनात्मक ७, छलफल २ र तर्कपूर्ण ३ गरी जम्मा १४८ ओटा अर्थात् २७.८१ प्रतिशत  प्रश्नहरू कथाविधामा  समावेश गरिएका छन् । कविता विधामा वोध प्रश्नोत्तर, छलफल, तर्कपूर्ण जस्ता प्रश्नहरू समावेश गरिएका छैनन् । श्रुतिलेखनतर्फ १ ,प्रयोगात्मक १९, लयवाचन ३, सङ्क्षिप्तउत्तरात्मक ३१, व्याख्यात्मक ७, अनुक्रम लेखन२, पहिचानात्मक २४, उच्चारात्मक ४, मौखिक १, विवेचनात्मक ५८, सस्वरवाचन ४, अनुलेखन २ र सिर्जनात्मक ८ गरी जम्मा ११४ अटा  अर्थात् २१.४२ प्रतिशत प्रश्नहरू कविता विधामा समावेश गरिएका छन् । जीवनी विधामा श्रुतिलेखनतर्फ १, प्रयोगात्मक ३, सङ्क्षिप्तउत्तरात्मक २५, व्याख्यात्मक २४, पहिचानात्मक १६, बोधप्रश्नोत्तर २, उच्चारण ५, मौखिक १, विवेचनात्मक ९, सस्वरवाचन ५, अनुलेखन ३  सिर्जनात्मक ६ गरी जम्मा ८० वटा अर्थात् १५.०३ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन, अनुक्रमलेखन, छलफल र तर्कपूर्ण जस्ता प्रश्नहरू समावेश गरिएका छैनन् । निबन्ध विधाअन्तर्गत श्रुतिलेखनतर्फ २, प्रयोगात्मक ८, सङ्क्षिप्त उत्तरात्मक १७, व्याख्यात्मक ३, पहिचानात्मक २५, बोध प्रश्नोत्तर १, उच्चारण ४, मौखिक २, विवेचनात्मक ८, सस्वरवाचन ४, अनुलेखन ४,सिर्जनात्मक ७ र छलफल १ गरी जम्मा ८६ वटा अर्थात् १६.१६ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन, अनुक्रमलेखन र तर्कपूर्ण जस्ता प्रश्नहरू समावेश गरिएका छैनन् । चिठी विधाअन्तर्गत श्रुतिलेखनतर्फ १, प्रयोगात्मक १,सङ्क्षिप्त उत्तरात्मक ५, व्याख्यात्मक १, पहिचानात्मक १६, बोध प्रश्नोत्तर १, उच्चारण २, मौखिक १, विवेचनात्मक ३, सस्वरवाचन ३, अनुलेखन ३ र सिर्जनात्मक १० गरी जम्मा ४७ वटा अर्थात् ८.८३ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन,

अनुक्रमलेखन, छलफल र तर्कपूर्ण जस्ता प्रश्नहरू समावेश गरिएका छैनन् । रुपक विधाअन्तर्गत प्रयोगात्मकतर्फ ९, सङ्क्षिप्तउत्तरात्मक १२, व्याख्यात्मक ४, पहिचानात्मक १३, उच्चारात्मक ५, सस्वरवाचन ५, अनुलेखन ३, सिर्जनात्मक ४ र छलफल २ गरी जम्मा ५७ वटा आर्थात् १०.७१ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत श्रुतिलेखन, लयवाचन, अनुक्रमलेखन, बोधप्रश्नोत्तर, मौखिक, विवेचनात्मक र तर्कपूर्ण जस्ता प्रश्नहरू समावेश गरिएका छैनन् ।

यसरी समग्रमा हेर्दा पहिचानात्मक प्रश्नहरूको बाहुल्यता सबै विधाहरूमा पाइन्छ भने त्यसपछि क्रमशः सङ्क्षिप्त, प्रयोगात्मक, विवेचनात्मक, सिनात्मक, सस्वरवाचन, उच्चारण, व्याख्यात्मक, अनुलेखन, श्रुतिलेखन, मौखिक, छलफल, लयवाचन, तर्कपूर्ण र अनुक्रमलेखनजस्ता प्रश्नहरू रहेका छन् । यो तथ्यलाई हेर्दा प्रश्नहरूमा एकरूपता देखिँदैन, प्रश्न निर्माणमा त्यति ध्यान नदिएको तथा विधागत प्रकृति र प्रयोजन अनुरूप प्रश्नहरू समावेश नगरिएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.३ भाषिक सीपसँग सम्बन्धित अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या ७ : भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको विवरण**

| क्र.सं. | विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | ३ | २१ | १४ | ८३ | १२१ | २६.७१ |
| २ | कविता | १ | १२ | ११ | ७० | ९४ | २०.७५ |
| ३ | जीवनी | १ | ११ | १० | ३८ | ६० | १३.२४ |
| ४ | निबन्ध | २ | ११ | ८ | ५५ | ७६ | १६.७७ |
| ५ | चिठी | १ | ६ | ५ | ३५ | ४७ | १०.३७ |
| ६ | रूपक | - | १२ | १० | ३३ | ५५ | १२.१४ |
|  | जम्मा | ८ | ७३ | ५८ | ३१४ | ४५३ | १०० |
|  | प्रतिशत | १.७६ | १६.११ | १२.८० | ६९.३९ | १०० |  |

(स्रोत: कक्षा ६ रसिलो नेपाली )

माथिको तालिकामा विधागतरूपमा भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको विश्लेषण गरिएको छ । भाषिक सीपअन्तर्गत प्रत्येक विधामा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित के-कति अभ्यासहरू समावेश गरिएका छन् भनी त्यसको अध्ययन गरी प्राप्त तथ्यका आधारमा यहाँ व्याख्या र विश्लेषण गरिएको छ । भाषिक सीपअन्तर्गत कथा विधामा सुनाइसँग सम्बन्धित ३, बोलाइसँग सम्बन्धित २१, पढाइसँग सम्बन्धित १४ र लेखाइसँग सम्बन्धित ८३ गरी जम्मा १२१ वटा अर्थात् २६.७१ प्रतिशत अभ्यास समवेश गरिएका छन् ।

कविता विधामा सुनाइसँग सम्बन्धित १, बोलाइसँग सम्बन्धित १२, पढाइसँग सम्बन्धित ११ र लेखाइसँग सम्बन्धित ७० गरी जम्मा ९४ वटा अर्थात् २०.७५ प्रतिशत अभ्यास समावेश गरिएका छन् । जीवनी विधामा सुनाइसँग सम्बन्धित १, बोलाइसँग सम्बन्धित ११, पढाइसँग सम्बन्धित १० र लेखाइसँग सम्बन्धित ३८ गरी जम्मा ६० वटा अर्थात् १३.२४ प्रतिशत अभ्यास समावेश गरिएका छन् । निवन्ध विधामा सुनाइसँग सम्बन्धित २, बोलाइसँग सम्बन्धित ११, पढाइसँग सम्बन्धित ८ र लेखाइसँग सम्बन्धित ५५ गरी जम्मा ७६ वटा अर्थात् १६.७७ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् । चिठी विधामा सुनाइसँग सम्बन्धित १, बोलाइसँग सम्बन्धित ६, पढाइसँग सम्बन्धित ५ र लेखाइसँग सम्बन्धित ३५ गरी जम्मा ४७ वटा अर्थात् १०.३७ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् । रुपक विधाअन्तर्गत सुनाइसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छैनन् । यस विधाअन्तर्गत बोलाइसँग सम्बन्धित १२, पढाइसँग सम्बन्धित १० र लेखाइसँग सम्बन्धित ३३ गरी जम्मा ५५ वटा अर्थात् १२.१४ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्यका आधारमा हेर्दा सबै विधामा सुनाइतर्फ ८ वटा अर्थात् १.७६ प्रतिशत, बोलाइतर्फ ७३ वटा अर्थात् १६.११ प्रतिशत, पढाइतर्फ ५८ वटा अर्थात् १२.८० प्रतिशत र लेखाइतर्फ ३१४ वटा अर्थात् ६९.३१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

सबै विधामा लेखाइतर्फ विशेष जोड दिइएको देखिन्छ भने त्यसपछि क्रमशः बोलाइ, पढाइ र सुनाइतर्फ कम ध्यान दिइएको देखिन्छ । भाषाका ४ वटा सीपलाई हरेक विधामा समानुपातिक ढङ्गले समावेश गर्नुपर्नेमा यहाँ त्यो देखिँदैन । सुनाइतर्फ कविता, जीवनी र चिठी विधामा १-१ वटा अभ्यास समावेश गरिएको छ भने रुपक विधामा सुनाइसँग सम्बन्धित अभ्यास नै समावेश गरिएको छैन । यसका कारण पाठ्यक्रमको लक्ष्य र उद्देश्य अनुरूप सीप सम्बन्धी अभ्यास विधागत रूपमा हुन नसकेको स्पष्ट भएको देखिन्छ ।

### ४.३.४ व्याकरणसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या ८: व्याकरणसँग सम्बन्धित नमुना अभ्यासहरूको शीर्षकगत विवरण**

| क.सं. | व्याकरण | परिचयात्मक | धारणात्मक | पहिचानात्मक | प्रयोगात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गति | - | — | १ | - | १ | ०.८२ |
| २ | लिङ्ग | - | - | १ | २ | ३ | २.४५ |
| ३ | वचन | - | - | - | १ | १ | ०.८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पुरूष | १ | - | १ | २ | ४ | ३.२८ |
| ५ | काल | १ | १ | २ | २ | ६ | ४.९१ |
| ६ | पक्ष | १ | १ | १ | — | ३ | २.४५ |
| ७ | भाव | - | - | - | ३ | ३ | २.४५ |
| ८ | वर्णविन्यास | २ | - | १४ | ५ | २१ | १७.२१ |
| ९ | विरामचिन्ह | - | - | २ | - | २ | १.६३ |
| १० | विभक्ति | - | - | ३ | १ | ४ | ३.२८ |
| ११ | क्रियापद | - | - | ३ | ३ | ६ | ४.९१ |
| १२ | वाक्य परिवर्तन | १ | - | १ | २ | ४ | ३.२८ |
| १३ | शब्दभण्डार | - | - | १५ | २२ | ३७ | ३०.३३ |
| १४ | शब्दवर्ग | - | - | - | - | - | - |
| १५ | नाम | - | - | १ | २ | ३ | २.४५ |
| १६ | सर्वनाम | - | - | ३ | - | ३ | २.४५ |
| १७ | विशेषण | - | - | १ | २ | ३ | २.४५ |
| १८ | उखान/टुक्का | १ | १ | ४ | ३ | ९ | ७.३८ |
| १९ | करण/अकरण | १ | - | २ | - | ३ | २.४५ |
| २० | अव्यय | १ | - | ३ | २ | ६ | ४.९१ |
| | जम्मा | ९ | ३ | ५८ | ५२ | १२२ | |
| | प्रतिशत | ७.३८ | २.४५ | ४७.५४ | ४२.७२ | | १०० |

स्रोत: कक्षा ६ रसिलो नेपाली

उपयुक्त तालिकाअनुसार व्याकरणसँग सम्बन्धित नमुना अभ्यासको तथ्यगत विश्लेषण गर्दा पदसङ्गतिसँग सम्बन्धित अभ्यास १ ओटा अर्थात् ०.८२ प्रतिशत, लिङ्गसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, वचनसँग सम्बन्धित अभ्यास १, ओटा अर्थात् ०.८२ प्रतिशत, पुरुषसँग सम्बन्धित अभ्यास ४ ओटा अर्थात् ३.२८ प्रतिशत, कालसँग सम्बन्धित अभ्यास ६ ओटा अर्थात् ४.९१ प्रतिशत, पक्षसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, भावसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, वर्णविन्याससँग सम्बन्धित अभ्यास २१ ओटा अर्थात् १७.२१ प्रतिशत, विरामचिन्हसँ ग सम्बन्धित अभ्यास २ ओटा अर्थात् १.६३ प्रतिशत, विभक्तिसँग सम्बन्धित अभ्यास ४ ओटा अर्थात् ३.२८ प्रतिशत, क्रियापदसँग सम्बन्धित अभ्यास ६ ओटा अर्थात् ४.९१ प्रतिशत, वाक्य परिवर्तनसँग सम्बन्धित अभ्यास ४ ओटा अर्थात् ३.२८ प्रतिशत, शब्दभण्डारसँग सम्बन्धित अभ्यास ३७ ओटा अर्थात् ३०.३३ प्रतिशत, नामसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत सर्वनामसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, विशेषणसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, उखान/टुक्कासँग सम्बन्धित अभ्यास ९ ओटा अर्थात् ७.३८ प्रतिशत ,करण/अकरणसँग सम्बन्धित अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत र अव्ययसँग सम्बन्धित

अभ्यास ६ ओटा अर्थात् ४.९१ प्रतिशत रहेको पइन्छ । यस 'रसिलो नेपाली' किताबअन्तर्गत शब्दवर्गसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको छैन । यसरी 'रसिलो नेपाली' कक्षा ६ मा व्याकरणसँग सम्बन्धित जम्मा १२२ ओटा अभ्यासहरूमध्ये शव्दभण्डारसँग सम्बन्धित ३७ ओटा अर्थात् ३०.३३ प्रतिशत अभ्यासहरू नै सबैभन्दा बढी र पदसङ्गति तथा वचनसँग सम्बन्धित अभ्यास सबैभन्दा कम १-१ ओटा अर्थात् ०.८२ प्रतिशत अभ्यास समावेश गरिएका छन् । माथिको तथ्यलाई हेर्दा 'रसिलो नेपाली'मा शव्दभण्डारसँग सम्बन्धित अभ्यासहरूलाई बढी महत्त्व दिइएको छ भने त्यसपछि क्रमश: वर्णविन्यास, उखान/टुक्का, काल क्रियापद, अव्ययजस्ता अभ्यासहरूलाई पनि जोड दिइएको देखिन्छ ।

माथि उल्लेख गरिएको तालिकामा अभ्यासहरूको वर्गीकरण गरिएअनुसार परिचयात्मक अभ्यास ९ ओटा अर्थात् ७.३८ प्रतिशत , धारणात्मक अभ्यास ३ ओटा अर्थात् २.४५ प्रतिशत, पहिचानात्मक अभ्यास ५८ ओटा अर्थात् ४७.५४ प्रतिशत र प्रयोगात्मक अभ्यास ५२ ओटा अर्थात् ४२.७२ प्रतिशत समावेश गरिएका छन् । यसरी हेर्दा सबैभन्दा बढी पहिचानात्मक अभ्यासले ठाउँ पाएको छ भने सबैभन्दा कम धारणात्मक अभ्यास रहेको पाइन्छ । यसरी पहिचानात्मक अभ्याससँग सम्बन्धित अभ्यासहरू अधिक रहेकाले 'रसिलो नेपाली' कक्षा ६ ले व्याकरणिक अभ्यासहरूलाई बढी जोड दिएर विद्यार्थीहरूलाई व्याकरणको पहिचान गराउन खोजेको देखिन्छ ।

## अध्याय :पाँच

### कक्षा ६ को 'हाम्रो नेपाली किताव' र 'रसिलो नेपाली'मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन

यसभन्दा अघिको अध्यायमा कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली'मा दिइएका नमुना अभ्यासहरूको विभिन्न कोणबाट छुट्टछुट्टै व्याख्या तथा विश्लेषण गरेर सकिएको छ । अब यस अध्यायमा उक्त दुबै पाठ्यपुस्तकभित्र समेटिएका नमुना अभ्यासहरूलाई नै प्रमुख तथ्याङ्कीय स्रोत मानी सङ्कलन गरिएको सूचनाका आधारमा व्यख्या, विश्लेषण तथा तुलनासमेत गरिएको छ ।

व्याख्या तथा विश्लेषणमा जस्तै तुलनात्मक अध्ययनमा पनि 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' दुबै पाठ्यपुस्तकमा दिइएका शब्दार्थ, अभ्यास, व्याकरण, भाषिक सीपगत अभ्यासको तुलनात्मक ढङ्गबाट विश्लेषण गरिएको छ । तुलनाका क्रममा कक्षा ६ को 'हाम्रो नेपाली किताब' लाई पहिलो पक्ष र 'रसिलो नेपाली' लाई दोस्रो पक्षका रूपमा लिइएको छ ।

### ५.१ शब्दार्थको तुलानात्मक अध्ययन

तालिका सङ्ख्या ९: कठिन शब्दार्थको तुलनात्मक विवरण

| क्र.सं. | शब्दार्थ वर्गीकरण | हाम्रो नेपाली किताब | | रसिलो नेपाली | |
|---|---|---|---|---|---|
| | | शब्दसङ्ख्या | प्रतिशत | शब्दसङ्ख्या | प्रतिशत |
| १. | पारिभाषिक/प्राविधिक | १९६ | ४८.७० | ७६ | ४६.९१ |
| २. | पर्यायवाची | १६७ | ४८.१३ | ७१ | ४३.८३ |
| ३. | अनुकरणात्मक | ३ | ०.८६ | ४ | २.४७ |
| ४. | विपरीतार्थी | ३ | ०.८६ | १ | ०.६१ |
| ५. | उखान/टुक्का | ५ | १.४४ | १० | ६.१७ |
| | जम्मा | ३४७ | १०० | १६२ | १०० |

(स्रोत:'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली किताब')

माथि उल्लेख गरिएको तालिकामा कक्षा ६ को र 'रसिलो नेपाली किताब' अन्तर्गत रहेका कठिन शब्दका रूपमा समावेश गरिएका शब्दार्थको तुलनात्मक तथ्याङ्कीय सूचना देखाइएको छ । तालिकाअनुसार 'हाम्रो नेपाली किताब' मा जम्मा ३४७ ओटा कठिन शब्दलाई शब्दार्थको रूपमा समावेश गरिएको छ भने 'रसिलो नेपाली' मा त्यस्ता शब्दहरूको सङ्ख्या १६२ मात्र रहेको देखिन्छ । यसबाट प्रस्ट हुन्छ कि दोस्रामा भन्दा पहिलामा १८५ ओटा कठिन शब्द बढी भएको पाइन्छ । शब्दार्थ वर्गीकरणका आधारबाट हेर्दा पहिलामा पारिभाषिक /प्राविधिक शब्द १६९ ओटा अर्थात् जम्मा शब्दको ४८.७० प्रतिशत, पर्यायवाची शब्द १६७ ओटा अर्थात् जम्मा शब्दको ४८.१३ प्रतिशत, अनुकरणात्मक शब्द ३ ओटा अर्थात् ०.८६ प्रतिशत, विपरीतार्थी शब्द ३ ओटा अर्थात् ०.८६ प्रतिशत र उखान/टुक्का ५ ओटा अर्थात् १.४४ प्रतिशत शब्दहरू रहेका छन् भने दोस्रामा पारिभाषिक/ प्राविधिक शब्द ७६ ओटा अर्थात् ४६.९१ प्रतिशत, पर्यायवाची शब्द ७१ ओटा अर्थात् ४३.८३ प्रतिशत, अनुकरणत्मक शब्द ४ ओटा अर्थात् २.४७ प्रतिशत, विपरीतार्थी शब्द १ ओटा अर्थात् ०.६१ प्रतिशत र उखान/टुक्का १० ओटा अर्थात् ६.१७ प्रतिशत शब्दहरू रहेका देखिन्छन् । यस आधारमा 'रसिलो नेपाली'का तुलनामा 'हाम्रो नेपाली किताब' मा कठिन शब्दार्थको संङ्ख्या बढी रहेको

पान्इछ । शब्दार्थ वर्गीकरणका आधारमा भने दुब} पाठ्यपुस्तकमा पारिभाषिक/प्राविधिक र पर्यायवाची शब्दहरूको बाहुल्यता र अन्य शब्दहरूको प्रयोग न्यून देखिन्छ । 'हाम्रो नेपाली किताब' मा दाउ (पृष्ठ ५६,५७), नासो(पृष्ठ १११,७४) निन्याउरो (पृष्ठ ८, १३८), नाना (पृष्ठ ३४, ७४), प्राचीन (पृष्ठ ९६,११९) जस्ता शब्दहरू दोहोरिएका छन् भने 'रसिलो नेपाली'मा त्यस्ता कुनै शब्द दोहोरिएका त छैनन् तर आकस्मिक (पृष्ठ ८), मोती (पृष्ठ२७),आदिम (पृष्ठ ३८), खोँच (पृष्ठ ३९),पादरी (पृष्ठ ४९) जस्ता कठिन शब्दका अर्थलाई समावेश गरिएका छैनन् । यसरी 'हाम्रो नेपाली किताव'मा  रहेका दोहोरिएका कठिन शब्दका ठाउँमा अन्य कठिन शब्द समावेश गर्नुका साथै 'रसिलो नेपाली' मा पनि सङ्ख्यात्मक रूपमा कठिन शब्दहरू बढाउनु पर्ने देखिन्छ । पर्यायवाची र पारिभाषिक/प्राविधिक शब्द  अन्य शब्दका तुलनामा कठिन हुने भएकाले ती शब्दहरू बढी र अन्य शब्दहरू कम भएका हुन सक्छन्, जुन स्वाभाविक देखिन्छ ।

## ५.२ विधासम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

**तालिका सङ्ख्या १०**

**विधासँग सम्बन्धित अभ्यासहरूको तुलनात्मक विवरण**

**अभ्यासको तहगत विवरण**

**अभ्यासको तहगत वितरण**

| हाम्रो नेपाली किताब | | | | | | | | | | | | | | | रसिलो नेपाली | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रुतिलेखन | प्रयोगात्मक | लयवाचन | सङ्क्षिप्तउत्तर | व्याख्यात्मक | अनुक्रमलेखन | पहिचानात्मक | उच्चारण | विवेचनात्मक | सस्वरवाचन | सिर्जनात्मक | छलफल | जम्मा | प्रतिशत | विधा | श्रुतिलेखन | प्रयोगात्मक | लयवाचन | सङ्क्षिप्तउत्तर | व्याख्यात्मक | अनुक्रमलेखन | पहिचानात्मक | बोधप्रश्नोत्तर | उच्चारण | मौखिक | विवेचनात्मक | सस्वरवाचन |
| २ | १६ | - | ३५ | ९ | - | ३४ | ४ | ७ | २ | ११ | १ | १२१ | २४.४९ | कथा -५ | ३ | १५ | - | ३६ | ४ | - | ३९ | १ | ६ | २ | १७ | ८ |
| २ | १५ | ४ | २४ | ६ | १ | २८ | ४ | ९ | - | ५ | - | ९८ | १९.८४ | कविता-४ | १ | १९ | ३ | ३१ | ७ | २ | २४ | - | ४ | १ | ८ | ४ |
| १ | २१ | - | २६ | १० | - | १० | ४ | ४ | - | ११ | १ | ८८ | १७.८१ | जीवनी -२ | १ | ३ | - | २५ | ४ | - | १६ | २ | ५ | १ | ९ | ५ |
| १ | १२ | - | ३१ | १२ | - | ३० | १ | १० | २ | १३ | ५ | ११७ | २३.६८ | निबन्ध - ३ | २ | ८ | - | १७ | ३ | - | २५ | १ | ४ | २ | ८ | ४ |
| - | ४ | - | ५ | २ | - | २ | १ | - | १ | ३ | - | १८ | ३.६४ | चिठी -२ | १ | १ | - | ५ | १ | - | १६ | १ | २ | १ | ३ | ३ |
| १ | ६ | - | १३ | ४ | - | ९ | २ | ६ | ३ | ७ | १ | ५२ | १०.५३ | रुपक - २ | - | ९ | - | १२ | ४ | - | १३ | - | ५ | - | - | ५ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ७४ | ४ | १३४ | ४३ | १ | ११३ | १६ | ३६ | ८ | ५० | ८ | ४९४ | | १८ | ८ | ५५ | ३ | १२६ | २३ | २ | १३३ | ५ | ३८ | ७ | ४५ | २९ | [illegible] |
| १.४१ | १४.९७ | ०.८१ | २७.१२ | ८.७ | ०.२ | २२.८७ | ३.२४ | ७.२८ | १.६२ | १०.१२ | १.६२ | | १०० | | १.५ | १०.३३ | ०.५६ | २३.६८ | ४.३२ | ०.३७ | २५ | ०.९४ | ४.८८ | १.३१ | ८.४५ | ५.४५ | [illegible] |

स्रोत: कक्षा ६ हाम्रो नेपाली किताव र रसिलो नेपाली किताब

माथि उल्लिखित तालिकामा विधागत आधारबाट 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक विश्लेषण गरिएको छ । तालिका समावेश गरिएको तथ्याङ्कीय सूचनाअनुसार कथा विधाअन्तर्गत पहिलामा श्रुतिलेखनतर्फ २, प्रयोगात्मक १६, सङ्क्षिप्त उत्तरात्मकतर्फ ३५, व्याख्यात्मकतर्फ ९, पहिचानात्मक ३४, उच्चाराणात्मकतर्फ ११, छलफलतर्फ १ गरी जम्मा १२१ ओटा अर्थात् २४.४९ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने कथा विधामा लयवाचन, अनुक्रमलेखन, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्ण जस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी दोस्रामा कथा विधाअन्तर्गत श्रुतिलेखनतर्फ ३,प्रयोगात्मकतर्फ १५, सङ्क्षिप्त उत्तरात्मकतर्फ ३६, व्याख्यात्मकतर्फ ४,पहिचानात्मकतर्फ ३९, बोधप्रश्नोत्तरतर्फ १, उच्चारणतर्फ ६, मौखिकतर्फ २, विवेचनात्मकतर्फ १७, सस्वरवाचनतर्फ ८, अनुलेखनतर्फ ५, सिर्जनात्मकतर्फ ७, छलफलतर्फ २ र तर्कपूर्णतर्फ ३ गरी जम्मा १४८ ओटा अर्थात् २७.८१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने कथा विधामा लयवाचन र अनुक्रम लेखनसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छैनन् । यस तथ्यलाई आधार मानेर कथा विधाका अभ्यासको तुलनात्मक विश्लेषण गर्दा पहिलाको तुलनामा दोस्रामा निकै नै बढी सङ्ख्यामा अभ्यासको समावेश गराइएको छ । अभ्यासको तहगत वितरण पनि समानुपातिक रूपमा पहिलाको भन्दा दोस्रामा कथा विधामा

समावेश गरिएका बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू पहिलामा समावेश भएका छैनन् । यसरी समग्रमा हेर्दा पहिलामा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूलाई बढी प्राथमिकता दिइएको देखिन्छ ।

कविता विधाअन्तर्गत पहिलामा श्रुतिलेखनतर्फ २, प्रयोगात्मकतर्फ १५, लयवाचनतर्फ ४, सङ्क्षिप्त उत्तरात्मकतर्फ २४, व्याख्यात्मकतर्फ ६, अनुक्रमलेखनतर्फ १, पहिचानात्मकतर्फ २८, उच्चारणतर्फ ४, विवेचनात्मकतर्फ ९ र सिर्जनात्मकतर्फ ५ गरी जम्मा ९८ ओटा अर्थात् १९.८४ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने कविता विधाअन्तर्गत पहिलामा सस्वरवाचन, छलफल, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी दोस्रामा कविता विधाअन्तर्गत श्रुतिलेखनतर्फ १, प्रयोगात्मकतर्फ १९, लयवाचन तर्फ ३, सङ्क्षिप्त उत्तरात्मकतर्फ ३१, व्याख्यात्मकतर्फ ७, अनुक्रम लेखनतर्फ २, पहिचानात्मकतर्फ २४, उच्चारणतर्फ ४, अनुलेखनतर्फ २ र सिर्जनात्मकतर्फ ८ गरी जम्मा ११४ ओटा अर्थात् २१.४२ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने कविता विधाअन्तर्गत दोस्रामा बोधप्रश्नोत्तर, छलफल र तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् ।

यस तथ्यका आधारमा तुलनात्मक रूपमा पहिला र दोस्राको विश्लेषण गर्दा पहिलामा भन्दा दोस्रामा नै बढी अभ्यासहरू समावेश गरिएका छन् । कविता बिधाअन्तर्गत पहिलामा पहिचानात्मक उत्तरलाई बढी महत्त्व दिइएको छ भने दोस्रामा सङ्क्षिप्त उत्तरलाई जोड दिइएको देखिन्छ । तुलनात्मक रूपमा दोस्रोमा कविता विधामा समावेश गरिएका मौखिक र अनुलेखन जस्ता अभ्यासहरू पहिलामा समावेश गरिएका छैनन् ।

प्रबन्ध विधाअन्तर्गत पहिलामा श्रुतिलेखनतर्फ १, प्रयोगात्मकतर्फ १२ सङ्क्षिप्त उत्तरात्मकतर्फ ३१, व्याख्यात्मकतर्फ १२, पहिचानात्मकतर्फ ३०, उच्चारणतर्फ १, विवेचनात्मकतर्फ १०, सस्ववरवाचनतर्फ २, सिर्जनात्मकतर्फ १३ र छलफलतर्फ ५ गरी जम्मा ११७ ओटा अर्थात् २३.६८ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन, अनुक्रमलेखन, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी दोस्रामा प्रबन्धका ठाउँमा निबन्धहरू राखिएका छन् । निबन्ध विधाअन्तर्गत दोस्रामा श्रुतिलेखनतर्फ २, प्रयोगात्ममकतर्फ ८, सङ्क्षिप्त उत्तरात्मकतर्फ १७, व्याख्यात्मकतर्फ ३, पहिचानात्मकतर्फ २५, बोधप्रश्नोत्तरतर्फ १, उच्चारतर्फ ४, मौखिकतर्फ २,

विवेचनात्मकतर्फ ८, सस्वर वाचनतर्फ ४, अनुलेखनतर्फ ४, सिर्जनात्मकतर्फ ७ र छलफलतर्फ १ गरी जम्मा ८६ अर्थात् १६.१६ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन, अनुक्रमलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । यस तथ्यलाई केलाएर हेर्दा दोस्रामा भन्दा बढी अभ्यासहरू पहिलामा समावेश गरिएका छन् । प्रबन्ध/निबन्ध विधामा पहिलामा सङ्क्षिप्त उत्तरलाई बढी महत्त्व दिइएको छ भने दोस्रामा पहिचानात्मकतर्फ जोड दिईएको छ । तुलनात्मक रूपमा दोस्रामा निबन्ध विधाअन्तर्गत समावेश गरिएका बोधप्रश्नोत्तर, मौखिक र अनुलेखनजस्ता अभ्यासलाई पहिलामा निबन्ध विधाअन्तर्गत समावेश गरेको देखिदैन ।

जीवनी विधाको तथ्याङ्कीय विश्लेषण गर्दा पहिलामा श्रुतिलेखनतर्फ १, प्रयोगात्मकतर्फ २१, सङ्क्षिप्त उत्तरात्मकतर्फ २६, व्याख्यानतर्फ १० पहिचानात्मकतर्फ ४, सिर्जनात्मकतर्फ ११ र छलछलतर्फ १ गरी जम्मा ८८ अर्थात् १७.८१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस विधाअन्तर्गत लयवाचन, अनुक्रम लेखन, सस्वरवाचन, वोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी दोस्रामा जीवनी विधाअन्तर्गत श्रुतिलेखनतर्फ १, प्रयोगात्मकतर्फ ३, सङ्क्षिप्त उत्तरात्मकतर्फ २५, व्याख्यात्मकतर्फ ४, पहिचानात्मकतर्फ १६, बोधप्रश्नोत्तरतर्फ २, उच्चारणतर्फ ५, अनुलेखनतर्फ ३ र सिर्जनात्मकतर्फ ६ गरी जम्मा ८० अर्थात् १५.०३ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् । यस तथ्यका आधारमा तुलनात्मक विश्लेषण गर्दा दोस्रामा भन्दा पहिलामा बढी अभ्यासहरू समावेश गरिएका छन् । पहिलामा सङ्क्षिप्त उत्तरलाई बढी महत्त्व दिएको छ भने दोस्रामा पनि सङ्क्षिप्त उत्तरलाई नै बढी जोड दिएको पाइन्छ । तुलनात्मक रूपमा दोस्रामा जीवनी विधाअन्तर्गत  लयवाचन, अनुक्रमलेखन, छलफल, तर्कपूर्णजस्ता अभ्यास समावेश गरिएका छन् भने पहिलामा लयवाचन, अनुक्रम लेखन, सस्वरवाचन, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यास समेटिएका छैनन् ।

चिठी विधाअन्तर्गत दिइएका अभ्यासको तुलनात्मक विश्लेषण गर्दा पहिलामा प्रयोगात्मकतर्फ ४, सङ्क्षिप्त उत्तरात्मकतर्फ ५, व्याख्यात्मकतर्फ २, पहिचानात्मकतर्फ २, उच्चारणतर्फ १, सस्वरवाचनतर्फ १ र सिर्जनात्मकतर्फ ३ गरी जम्मा १८ अर्थात् ३.६४ प्रतिशत अभ्यासहरू समावेश रहेका देखिन्छन् भने यस विधाअन्तर्गत श्रुतिलेखन,लयवाचन अनुक्रमलेखन, विवेचनात्मक, छलफल, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी दोस्रामा चिठी विधाअन्तर्गत श्रुतिलेखनतर्फ १,

प्रयोगात्मकतर्फ १, सङ्क्षिप्त उत्तरात्मकतर्फ ५, व्याख्यात्मकतर्फ १, पहिचानात्मकतर्फ १६, बोधप्रश्नोत्तरतर्फ १, उच्चारणतर्फ २, मौखिकतर्फ १, विवेचनात्मकतर्फ ३, सस्वरवाचनतर्फ ३, अनुलेखनतर्फ ३ र सिर्जनात्मकतर्फ १० गरी जम्मा ४७ अर्थात् ८.८३ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस चिठी विधाअन्तर्गत दोस्रामा लयवाचन, अनुक्रमलेखन, छलफल र तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् भने यस चिठी विधाअन्तर्गत दोस्रामा लयवाचन, अनुक्रमलेखन, छलफल र तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । यस सूचनालाई तुलनात्मक दृष्टिबाट विष्लेषण गर्दा सङ्ख्यात्मक आधारमा पहिलामा भन्दा दोस्रामा झण्डै तेब्बर बढी अभ्यासहरू समावेश गरिएका छन् । पहिलामा सङ्क्षिप्त उत्तरतर्फ बढी जोड दिइएको छ भने दोस्रामा पहिचानात्मक अभ्यासतर्फ बढी जोड दिइएको छ । तुलनात्मक रूपमा पहिलामा भन्दा दोस्रामा श्रुतिलेखन, विवेचनात्मक, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखनजस्ता अभ्यासहरू थप गरिएको छ भने पहिलामा यी अभ्यासतर्फ ध्यान नदिएजस्तो देखिन्छ ।

रुपक विधाअन्तर्गत पहिलामा श्रुतिलेखनतर्फ १, प्रयोगात्मकतर्फ ६, सङ्क्षित्त उत्तरतर्फ १३, व्याख्यात्मकतर्फ ४, पहिचानात्मकतर्फ ९, उच्चारणतर्फ २, विवेचनात्मकतर्फ ६, सस्वरवाचनतर्फ ३, सिर्जनात्मकतर्फ ७ र छलफलतर्फ १ गरी जम्मा ५२ अर्थात् १०.५३ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस रुपक विधाअन्तर्गत पहिलामा लयवाचन, अनुक्रमलेखन, बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन, तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । त्यसैगरी रुपक विधाअन्तर्गत दोस्रामा प्रयोगात्मकतर्फ ९, सङ्क्षित्त उत्तरात्मकतर्फ १२, व्याख्यात्मकतर्फ ४, पहिचानात्मकतर्फ १३, उच्चारणतर्फ ५, सस्वरवाचनतर्फ ५, अनुलेखनतर्फ ३, सिर्जनात्मकतर्फ ४ र छलफलतर्फ २ गरी जम्मा ५७ अर्थात् १०.७१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने यस रुपक विधाअन्तर्गत दोस्रामा श्रुतिलेखन, लयवाचन, अनुक्रम लेखन, बोधप्रश्नोतर, मौखिक, विवेचनात्मक र तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । यस सूचनालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा पहिलामा भन्दा दोस्रामा नै बढी अभ्यासहरू समावेश गरिएका छन् । पहिलामा सङक्षिप्त उत्तरात्मक प्रश्नतर्फ जोड दिइएको छ भने दोस्रामा पहिचानात्मक उत्तरतर्फ जोड दिइएको छ । तहगत वितरणतर्फ दृष्टि लगाउँदा दोस्रामा भन्दा पहिलामा नै अभ्यासको सन्तुलन देखिन्छ । दोस्रामा श्रुतिलेखन, विवेचनात्मक ,सस्वरवाचनजस्ता अभ्यासहरू समावेश गरिएको पइँदैन भने अन्य अभ्यासहरू समान रहेको पाइन्छ ।

विधाअन्तर्गतका नमुना अभ्यासको तहगत वितरणतर्फ तुलनात्मक विश्लेषण गर्दा पहिलामा श्रुतिलेखनतर्फ ७ अर्थात् १.४१ प्रतिशत, प्रयोगात्मकतर्फ ७४ अर्थात् १४.९७ प्रतिशत, लयवाचनतर्फ ४ अर्थात् ०.८१ प्रतिशत, सङ्क्षिप्त उत्तरात्मकतर्फ १३४ अर्थात् २७.१२ प्रतिशत, व्याख्यात्मकतर्फ ४३ अर्थात् ८.७ प्रतिशत, अनुक्रमलेखनतर्फ १ अर्थात् ०.२ प्रतिशत, पहिचानात्मकतर्फ ११३ अर्थात् २२.८७ प्रतिशत, उच्चारणतर्फ १६ अर्थात् ३.२४ प्रतिशत, विवेचनात्मकतर्फ ३६ अर्थात् ७.२८ प्रतिशत, सस्वरवाचनतर्फ ८ अर्थात् १.६२ प्रतिशत, सिर्जनात्मकतर्फ ५० अर्थात् १०.१२ प्रतिशत र छलफलतर्फ ८ अर्थात् १.६२ प्रतिशत अभ्यासहरू समावेश गरिएको पाइन्छ भने दोस्रामा श्रुतिलेखनतर्फ ८ अर्थात् १.५ प्रतिशत, प्रयोगात्मकतर्फ ५५ अर्थात् १०.३३ प्रतिशत, लयवाचनतर्फ ३ अर्थात् ०.५६ प्रतिशत, सङ्क्षिप्त उत्तरात्मकतर्फ १२६ अर्थात् २३.६८ प्रतिशत, व्याख्यात्मकतर्फ २३ अर्थात् ४.३२ प्रतिशत, अनुक्रमलेखनतर्फ २ अर्थात् ०.३७ प्रतिशत, पहिचानात्मकतर्फ १३३ अर्थात् २५ प्रतिशत, बोधप्रश्नोत्तरतर्फ ५ अर्थात् ०.९४ प्रतिशत, उच्चारणतर्फ २६ अर्थात् ४.८८ प्रतिशत, मौखिकतर्फ ७ अर्थात् १.३१ प्रतिशत, विवेचनात्मकतर्फ ४५ अर्थात् ८.४५ प्रतिशत, सस्वरवाचनतर्फ २९ अर्थात् ५.४५ प्रतिशत, अनुलेखनतर्फ २० अर्थात् ३.७६ प्रतिशत सिर्जनात्मकतर्फ ४२ अर्थात् ७.९ प्रतिशत, छलफलतर्फ ५ अर्थात् ०.९४ प्रतिशत र तर्कपूणतर्फ १३ अर्थात् ०.५६ प्रशित अभ्यासहरू समावेश गरिएका छन् । यस तथ्यलाई हेर्दा तहगत वितरणतर्फ पहिलामा बोधप्रश्नोत्तर, मौखिक, अनुलेखन र तर्कपूर्णजस्ता अभ्यासहरू समावेश गरिएका छैनन् । यसका साथसाथै माथिको तथ्यलाई हेर्दा सङ्ख्यात्मक आधारमा पनि पहिलामा भन्दा दोस्रामा नै बढी अभ्यासहरू रहेकाले दोस्रो नै बढी सबल रहेको देखिन्छ । दोस्रामा पहिचानात्मक पक्षमा जोड दिइएको छ भने पहिलामा पहिचानात्मक पक्षलाई जोड दिइएको पाइन्छ । दुबैमा श्रुतिलेखन, लयवाचन र अनुक्रमलेखनसँग सम्बन्धित अभ्यासहरू ज्यादै न्यून रहेको  देखिन्छ । विधागत आधारमा हेर्दा दुबैमा चिठी विधातर्फ सबैभन्दा कम अभ्यासको वितरण रहेको पाइन्छ ।

### ५.३ भाषिक सीपसँग सम्बन्धित अभ्यासको तुलनात्मक अध्ययन

**तालिका सङ ्ख्या ११:भाषिक सीपसँग सम्बन्धीत अभ्यासहरुको तुलनात्मक विवरण**

| क.सं. | भाषिक सीप | हाम्रो नेपाली किताब | | रसिलो नेपाली | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | सुनाइ | २२ | १०.१३ | ८ | १.७६ |
| २ | बोलाइ | ३३ | १५.२ | ७३ | १६.११ |
| ३ | पढाइ | ४७ | २१.६५ | ५८ | १२.८० |
| ४ | लेखाइ | ११५ | ५३ | ३१४ | ६९.३१ |
| | जम्मा | २१७ | १०० | ४५३ | १०० |

(स्रोत :'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' कक्षा ६)

प्रस्तुत तालिकाअनुसार सुनाइ सीप अन्तर्गत पहिलामा २२ अर्थात् १०.१३ प्रतिशत अभ्यासहरू रहेका छन् भने दोस्रामा ८ अर्थात् १.७६ प्रतिशत अभ्यसहरू रहेका छन् । त्यसैगरी बोलाइ सीपअन्तर्गत पहिलामा ३३ अर्थात् १५.२ प्रतिशत अभ्यासहरू समावेश रहेका छन् भने दोस्रामा ७३ अर्थात् १६.११ प्रतिशत अभ्यासहरू समावेश छन् । पढाइ सीपअन्तर्गत पहिलामा ४७ अर्थात् २१.६५ प्रतिशत अभ्यासहरू रहेका छन् भने दोस्रामा ५८ अर्थात् १२.८ प्रतिशत अभ्यासहरू रहेका छन् । त्यस्तै लेखाइ सीपअन्तर्गत पहिलामा ११५ अर्थात् ५३ प्रतिशत अभ्यासहरू समावेश भएका छन् भने दोस्रामा ३१४ अर्थात् ६९.३१ अभ्यासहरू समावेश भएका छन् । उक्त सूचनाका आधारमा भाषिक सीपसम्बन्धी अभ्यासको तुलनात्मक विश्लेषण गर्दा पहिलामा सबैभन्दा बढी अभ्यास लेखाइ सीपअन्तर्गत राखिएको छ  भने दोस्रामा अझै बढी सोही सीपसँग सम्बन्धित अभ्यासहरू राखिएका छन् । पहिलामा सबैभन्दा कम सुनाइ सीपसँग सम्बन्धित अभ्यास रहेका छन् भने दोस्रामा पनि सुनाइलाई नै कम महत्त्व दिइएको छ । भाषिक सीपगत  सन्तुलनतर्फ विचार गर्दा दोस्रामा भन्दा पहिलामा सन्तुलन कायम गर्न खोजेको देखिन्छ ।

## ५.४ व्याकरणसँग सम्बन्धित अभ्यासको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या १२:व्याकरणसँग सम्बन्धित अभ्यासहरूको शीर्षकगत तुलनात्मक विवरण

| हाम्रो नेपाली किताब | रसिलो नेपाली |
|---|---|

| क्र.सं. | व्याकरण | परिचयात्मक | धारणात्मक | पहिचानात्मक | प्रयोगात्मक | जम्मा | प्रतिशत | परिचयात्मक | धारणात्मक | पहिचानात्मक | प्रयोगात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गति | ५ | ७ | ४ | ८ | २४ | ९.०५ | | | १ | | १ | ०.८२ |
| २ | लिङ्ग | | २ | १ | २ | ५ | १.८८ | | | १ | २ | ३ | २.४५ |
| ३ | वचन | १ | २ | ५ | १ | ९ | ३.३९ | | | | १ | १ | ०.८२ |
| ४ | पुरुष | | ५ | ५ | ७ | १७ | ६.४१ | १ | | १ | २ | ४ | ३.२८ |
| ५ | काल | ३ | ६ | ४ | ४ | १७ | ६.४१ | १ | १ | २ | २ | ६ | ४.९१ |
| ६ | पक्ष | २ | ४ | ३ | ६ | १५ | ५.६६ | १ | १ | १ | | ३ | २.४५ |
| ७ | भाव | १ | ६ | ११ | २ | २० | ७.५४ | | | | ३ | ३ | २.४५ |
| ८ | वर्णविन्यास | १ | | २ | १ | ४ | १.५ | २ | | १४ | ५ | २१ | १७.२१ |
| ९ | विरामचिन्ह | १ | ४ | २ | १ | ८ | ३.०१ | | | २ | | २ | १.६३ |
| १० | विभक्ति | | ६ | १० | ६ | २२ | ८.३ | | | ३ | १ | ४ | ३.२८ |
| ११ | क्रियापद | १ | ३ | २ | ३ | ९ | ३.३९ | | | ३ | ३ | ६ | ४.९१ |
| १२ | वाक्यपरिवर्तन | | १२ | ५ | १५ | ३२ | १२.०७ | १ | | १ | २ | ४ | ३.२८ |
| १३ | शब्दभण्डार | ३ | ३ | ७ | ५ | १८ | ६.७९ | | | १५ | २२ | ३७ | ३०.३३ |
| १४ | शब्दवर्ग | ३ | ३ | ७ | ६ | १९ | ७.१६ | | | | | | |
| १५ | नाम | ४ | १ | २ | ३ | १० | ३.७७ | | | १ | २ | ३ | २.४५ |
| १६ | सर्वनाम | १ | | ७ | १० | १८ | ६.७९ | | | ३ | | ३ | २.४५ |
| १७ | विशेषण | १ | | ७ | २ | १० | ३.७७ | | | १ | २ | ३ | २.४५ |
| १८ | उखान/टुक्का | १ | १ | २ | ४ | ८ | ३.०१ | १ | १ | ४ | ३ | ९ | ७.३८ |
| १९ | करण/अकरण | | | | | | | १ | | २ | | ३ | २.४५ |
| २० | अव्यय | | | | | | | १ | | ३ | २ | ६ | ४.९१ |
| | जम्मा | २८ | ६५ | ८६ | ८६ | २६५ | | ९ | ३ | ५८ | ५२ | १२२ | |
| | प्रतिशत | १०.५६ | २४.५२ | ३२.४५ | ३२.४५ | | १०० | ७.३८ | २.४५ | ४७.५४ | ४२.७२ | | १०० |

स्रोत: कक्षा ६ हाम्रो नेपाली किताब र रसिलो नेपाली किताब

प्रस्तुत तालिकामा 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' कक्षा ६ मा समावेश गररिएका व्याकरणसम्बन्धी अभ्यासहरूको तुलनात्मक तथ्याङ्कीय सूचना उल्लेख गरिएको छ । पदसङ्गतिअन्तर्गत 'हाम्रो नेपाली किताब'मा परिचयात्मकतर्फ ५, धारणात्मकतर्फ ७, पहिचानात्मकतर्फ ४ र प्रयोगात्मकतर्फ ८ गरी जम्मा २४ अर्थात् ९.०५ प्रतिशत अभ्यासहरू दिइएका छन् भने 'रसिलो नेपाली' मा पदसङ्गतिअन्तर्गत परिचयात्मक, धारणात्मक र प्रयोगात्मकतर्फ कुनै अभ्यास दिइएको छैन । पहिचानात्मकतर्फ मात्र १ अर्थात् ०.८२ प्रतिशत अभ्यास दिइएको छ ।

लिङ्गअन्तर्गत पहिलामा परिचयात्मकतर्फ अभ्यास समावेश गरिएको छैन । धारणात्मकतर्फ १ र प्रयोगात्मकतर्फ २ गरी जम्मा ५ अर्थात् १.८८ प्रतिशत अभ्यासहरू दिइएका छन् भने दोस्रामा लिङ्गअन्तर्गत पहिचानात्मक र धारणात्मकतर्फ कुनै अभ्यास समावेश गरिएको छैन । पहिचानात्मकतर्फ १ र प्रयोगात्मकतर्फ २ गरी जम्मा ३ अर्थात् २.४५ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

वचनअन्तर्गत पहिलामा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ २, पहिचायात्मकतर्फ ५, प्रयोगात्मकतर्फ १ गरी जम्मा ९ अर्थात् ३.३९ प्रतिशत अभ्यासहरू राखिएका छन् भने दोस्रामा वचनअन्तर्गत परिचयात्मक, धारणात्मक र प्रयोगात्मकतर्फ मात्र १ अर्थात् ०.८२ प्रतिशत अभ्यास समावेश गरिएको छ ।

पुरुषअन्तर्गत पहिलामा परिचयात्मकतर्फ अभ्यास राखिएको छैन । धारणात्मकतर्फ ५, पहिचानात्मकतर्फ ५ र प्रयोगगाात्मकतर्फ ७ गरी जम्मा १७ अर्थात् ६.४१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा पुरुषअन्तर्गत धारणात्मकतर्फ अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, पहिचानात्मकतर्फ १ र प्रयोगात्मकतर्फ २ गरी जम्मा ४ अर्थात् ३.२८ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

कालअन्तर्गत पहिलामा परिचयात्मकतर्फ ३, धारणात्मकतर्फ ६, पहिचायात्मकतर्फ ४ र प्रयोगात्मकतर्फ ४ गरी जम्मा १७ अर्थात् ६.४१ प्रतिशत अभ्यसहरू समावेश गरिएका छन् भने दोस्रामा कालअन्तर्गत परिचयात्मकतर्फ १, धारणात्मकतर्फ १, पहिचानात्मकतर्फ २ र प्रयोगात्मकतर्फ २ गरी जम्मा ६ अर्थात् ४.९१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

पक्षअन्तर्गत पहिलामा परिचयात्मकतर्फ २, धारणात्मकतर्फ ४, पहिचानात्मकतर्फ ३ र प्रयोगात्मकतर्फ ६ गरी जम्मा १५ अर्थात् ५.६६ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा पक्षअन्तर्गत प्रयोगात्मकतर्फ कुनै अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, धारणात्मकतर्फ १ र पहिचानात्मकतर्फ १ गरी जम्मा ३ अर्थात् २.४५ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

भावअन्तर्गत पहिलामा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ६, पहिचानात्मकतर्फ ११ र प्रयोगात्मकतर्फ २ गरी जम्मा २० अर्थात् ७.५४ प्रशित अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा भावअन्तर्गत परिचयात्मक, धारणात्मक र पहिचानात्मकतर्फ कुनै अभ्यास

समावेश गरिएको छैन् । प्रयोगात्मकतर्फ मात्र ३ अर्थात् २.४५ प्रतिशत  अभ्यास समावेश गरिएका छन् ।

वर्णविन्यासअन्तर्गत पहिलामा धारणात्मकतर्फ अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, पहिचानात्मकतर्फ २ र प्रयोगात्मकतर्फ १ गरी जम्मा ४ अर्थात् १.५ प्रतिशत अभ्यास समावेश गरिएका छन् भने दोस्रामा वर्णविन्यासअन्तर्गत धारणात्मकतर्फ अभ्यास राखिएको छैन । परिचात्मकतर्फ २ ,पहिचानात्मकतर्फ १४ र प्रयोगात्मकतर्फ ५ गरी जम २१ अर्थात् १७.२१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

विरामचिन्हअन्तर्गत पहिलामा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ४, पहिचानात्मकतर्फ २ र प्रयोगात्मकतर्फ १ गरी जम्मा ८ अर्थात् ३.०१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा विरामचिन्हअन्तर्गत परिचयात्मक, धारणात्मक र प्रयोगात्मकतर्फ कुनै अभ्यास समावेश गरिएको छैन । पहिचानात्मकतर्फ मात्र २ अर्थात् १.६३ अभ्यासहरू समावेश गरिएका छन् ।

विभक्तिअन्तर्गत पहिलामा परिचयात्मकतर्फ  अभ्यास राखिएको छैन । धारणात्मकतर्फ ६, पहिचानात्मकतर्फ १० र प्रयोगात्मकतर्फ ६ गरी जम्मा २२ अर्थात् ८.३ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा विभक्तिअन्तर्गत परिचयात्मक र धारणात्मकतर्फ अभ्यास राखिएको छैन। पहिचानात्मकतर्फ ३ र प्रयोगात्मकतर्फ १ गरी जम्मा ४ अर्थात् ३.२८ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

क्रियापदअन्तर्गत पहिलामा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ ३, पहिचानात्मकतर्फ २ र प्रयोगाात्मकतर्फ ३ गरी जम्मा ९ अर्थात् ३.३९ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा क्रियापदअन्तर्गत परिचयात्मक र धारणात्मकतर्फ कुनै अभ्यास राखिएको छैन । पहिचानात्मकतर्फ  ३ र प्रयोगात्मकतर्फ ३ गरी जम्मा ६ अर्थात् ४.९१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

वाक्यपरिवर्तनअन्तर्गत पहिलामा परिचयात्मकतर्फ अभ्यास राखिएको छैन । धारणात्मकतर्फ १२, पहिचानात्मकतर्फ ५ र प्रयोगात्मकतर्फ १५ गरी जम्मा ३२ अर्थात् १२.०७ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा वाक्यपरिवर्तनअन्तर्गत धारणात्मकतर्फ अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, पहिचात्मकतर्फ १ र प्रयोगात्मकतर्फ २ गरी जम्मा ४ अर्थात् ३.२८ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

शब्दभण्डारअन्तर्गत पहिलामा परिचयात्मकतर्फ ३,धारणात्मकतर्फ ३, पहिचानात्मकतर्फ ७ र प्रयोगात्मकतर्फ ५ गरी जम्मा १८ अर्थात् ६.७९ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा शब्दभण्डारअन्तर्गत परिचयात्मक र धारणात्मकतर्फ कुनै पनि अभ्यास समावेश गरिएको छैन । पहिचानात्मकतर्फ १५ र प्रयोगात्मकतर्फ २२ गरी जम्मा ३७ अर्थात् ३०.३३ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

शब्दवर्गअन्तर्गत पहिलामा परिचयात्मकतर्फ ३, धारणात्मकतर्फ ३, पहिचानात्मकतर्फ ७ र प्रयोगात्मकतर्फ ६ गरी जम्मा १९ अर्थात् ७.१६ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा शब्दवर्गअन्तर्गत कुनै पनि अभ्यास समावेश गरिएका छैनन् ।

नामअन्तर्गत पहिलामा परिचयात्मकतर्फ ४, धारणात्मकतर्फ १, पहिचानात्मकतर्फ २ र प्रयोगात्मकतर्फ ३ गरी जम्मा १० अर्थात् ३.७७ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा नामअन्तर्गत परिचयात्मक र धारणात्मकतर्फ अभ्यास राखिएका छैनन् । पहिचानात्मकतर्फ १, प्रयोगात्मकतर्फ २ गरी जम्मा ३ अर्थात् २.४५ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

सर्वनामअन्तर्गत पहिलामा धारणात्कमतर्फ कुनै अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, पहिचानात्मकतर्फ ७ र प्रयोगात्मकतर्फ १० गरी जम्मा १८ अर्थात् ६.७९ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा सर्वनामअन्तर्गत परिचयात्मक, धारणात्मक र प्रयोगात्मकतर्फ कुनै पनि अभ्यास समावेश छैनन् । पहिचानात्मकतर्फ मात्र ३ अर्थात् २.४५ प्रतिशत अभ्यास समावेश गरिएका छन् ।

विशेषणअन्तर्गत पहिलामा धारणात्मकतर्फ अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १, पहिचानात्मकतर्फ ७ र प्रयोगात्मकतर्फ २ गरी जम्मा १० अर्थात् ३.७७ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा विशेषणअन्तर्गत परिचयात्मक र धारणात्मकतर्फ कुनै अभ्यास राखिएको छैन । पहिचानात्मकतर्फ १ र प्रयोगाात्मकतर्फ २ गरी जम्मा ३ अर्थात् २.४५ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

उखान/टुक्काअन्तर्गत पहिलामा परिचयात्मकतर्फ १, धारणात्मकतर्फ १, पहिचानात्मकतर्फ २ र प्रयोगात्मकतर्फ ४ गरी जम्मा ८ अर्थात् ३.०१ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रामा उखान/टुक्काअन्तर्गत परिचयात्मकतर्फ १, धारणात्मकतर्फ

१, पहिचानात्मकतर्फ ४ र प्रयोगात्मकतर्फ ३ गरी जम्मा ९ अर्थात् ७.३८ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् ।

करण/अकरणअन्तर्गत पहिलामा कुनै पनि अभ्यास समावेश गरिएको छैन भने दोस्रामा पनि धारणात्मक र प्रयोगात्मकतर्फ कुनै अभ्यास राखिएको छैन । परिचयात्मकतर्फ १ र पहिचानात्मकतर्फ २ गरी जम्मा ३ अर्थात २.४५ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन्

अव्ययअन्तर्गत पहिलामा कुनै पनि अभ्यास राखिएको छैन भने दोस्रामा परिचयात्मकतर्फ १, पहिचानात्मकतर्फ ३, प्रयोगात्मकतर्फ २ गरी जम्मा ६ अर्थात् ४.९१ प्रतिशत अभ्यास समावेश गरिएका छन् । यसअन्तर्गत धारणात्मकतर्फ अभ्यास समावेश गरिएका छैनन् ।

उपलब्ध तथ्याङ्कीय सूचनालाई सङ्ख्यात्मक तवरवाट तुलनात्मक विश्लेषण गर्दा पहिलामा व्याकरणगत अभ्यास जम्मा २६५ ओटा रहेका छन् भने दोस्रामा जम्मा १२२ ओटा रहेका छन् । पहिलामा व्याकरण खण्ड भनेर व्याकरणलाई छुट्टै रूपमा अभ्यास दिइएको छ भने दोस्रामा अभ्याससँगै मिसाएर छ्यासमिस गरी व्याकरणका अभ्यासहरू दिइएका छन् । उक्त तथ्याङ्कलाई हेर्दा दोस्रामा भन्दा पहिलामा दोब्वरभन्दा बढी अभ्यासहरू रहेका छन् । व्याकरण शीर्षकलाई हेर्दा वाक्य परिवर्तनतर्फ सवैभन्दा बढी अभ्यासहरू रहेका छन् भने दोस्रामा शब्दभण्डारतर्फ सबैभन्दा बढी अभ्यासहरू रहेका छन् । त्यस्तै पहिलामा सवैभन्दा कम अभ्यास वर्णविन्यासअन्तर्गत रहेका छन् भने दोस्रामा वचन र पदसङ्गतितर्फ कम अभ्यास रहेका छन् ।

उक्त तथ्याङ्कलाई हेर्दा दोस्रामा भन्दा पहिलामा दोब्बरभन्दा बढी अभ्यासहरू रहेका छन् । व्याकरणात्मक शीर्षकलाई हेर्दा पहिलामा वाक्यपरिवर्तनतर्फ सबैभन्दा बढी अभ्यासहरू रहेका छन् भने दोस्रामा शब्दभण्डारतर्फ सबैभन्दा बढी अभ्यासहरू रहेका छन् । त्यस्तै पहिलामा सबैभन्दा कम अभ्यास वर्णविन्यासअन्तर्गत रहेका छन् भने दोस्रामा वचन र पदसङ्गतितर्फ कम अभ्यास रहेका छन् ।

यसरी हेर्दा पहिलामा परिचयात्मकतर्फ २८ अर्थात् १०.५६ प्रतिशत, धारणात्मकतर्फ ६५ अर्थात् २४.५२ प्रतिशत, पहिचानात्मकतर्फ ८६ अर्थात् ३२.४५ प्रतिशत, प्रयोगात्मकर्फ पनि ८६ अर्थात् ३२.४५ प्रतिशत अभ्यासहरू रहेका छन् भने दोस्रामा पहिचानात्मकतर्फ ९ अर्थात् ७.३८ प्रतिशत, धारणात्मकतर्फ ३ अर्थात् २.४५ प्रतिशत, पहिचानात्मकतर्फ ५८

अर्थात् ४७.५४ प्रतिशत र प्रयोगात्मकतर्फ ५२ अर्थात् ४२.७२ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् । यस तथ्याङ्कका आधारमा पहिलामा पहिचानात्मक र प्रयोगात्मकतर्फ बढी अभ्यासहरू र दोस्रामा पहिचानात्मकतर्फ सबैभन्दा बढी अभ्यासहरू रहेका छन् ।

दुबै पाठ्यपुस्तकमा दिइएको व्याकरणसम्बन्धी अभ्यासको वितरणतर्फ विचार गर्दा सङ्ख्यात्मक दृष्टिबाट दोस्राको तुलनामा पहिलो सबल रहेको पाइन्छ तर पहिलामा वाक्य परिवर्तन, पदसङ्गति, विभक्तिमा जोड दिइएको छ भने दोस्रामा शब्दभण्डार र वर्णविन्यासमा जोड दिइएको छ । पहिलामा व्याकरणको अभ्यासलाई छुट्टै रूपमा प्रस्तुत गरिएको छ भने दोस्रामा विधागत अभ्याससँगै मिसाएर दिइएको छ । यसबाट के स्पष्ट हुन्छ भने पहिलाले व्याकरण शिक्षण छुट्टै गर्नुपर्छ भने मान्यता राखेको छ र दोस्राले पाठका साथैमा व्याकरण शिक्षण गर्नुपर्ने मान्यतालाई अघि सारेको देखिन्छ, जुन सबल पक्ष हो ।

## अध्याय- छ

## निष्कर्ष र सुझावहरू

### ६.१ निष्कर्ष :

कक्षा ६ का लागि तयार परिएको 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा प्रयुक्त नमुना अभ्यासको तथ्यगत व्याख्या, विश्लेषण र तुलनाका आधारमा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् ।

### ६.१.१ हाम्रो नेपाली किताब :

१. 'हाम्रो नेपाली किताब'मा कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची र पारिभाषिक/प्राविधिक तबरबाट बढी अर्थ्याइएको पाइन्छ । अनुकरणात्मक, विपरीतार्थक, उखान/टुक्काजस्ता शब्दहरूको प्रतिनिधित्व कम रहेको पाइन्छ ।

२. 'हाम्रो नेपाली किताब' अन्तर्गत रहेका विधासँग सम्बन्धित अभ्यासमा प्रबन्ध र जीवनी विधामा प्रयोगात्मक अभ्यासलाई जोड दिइएको छ भने अन्य विधामा सिर्जनात्मक अभ्यासलाई जोड दिइएको छ ।

३. 'हाम्रो नेपाली किताब'मा समावेश गरिएका भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा बढी र सुनाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा कम रहेको पाइन्छ । सुनाइ र बोलाइभन्दा पढाइ र लेखाइलाई बढी जोड दिइएको पाइन्छ । यस आधारमा हेर्दा पाठ्यक्रमको उद्देश्यअनुसार भाषिक सीपसम्बन्धी अभ्यासहरूमा समानता देखिँदैन ।

४. 'हाम्रो नेपाली किताब'मा विधागत अभ्यास र व्याकरणसम्बन्धी अभ्यासलई छुट्टाछुट्टै प्रस्तुत गरिएका छन् । व्याकरणका अभ्यासमा उदाहरणका साथसाथै सामान्य परिचयका आधारमा अभ्यासहरू दिइएका छन् । सिर्जनात्मक पक्षलाई सुदृढ बनाउनका लागि सिर्जनात्मक अभ्यासहरू पनि विधाअनुसार समावेश गरिएका छन् ।

५ 'हाम्रो नेपाली किताब'मा दिइएका व्याकरणसम्बन्धी अभ्यासमा प्रयोगात्मक र पहिचानात्मकसँग सम्बन्धित अभ्यसमा बढी जोड दिइएको छ भने क्रमश: परिचयात्मक र धारणात्मकतर्फ कम जोड दिइएको देखिन्छ ।

६. 'हाम्रो नेपाली किताब'मा वाक्य परिवर्तन, पदसङ्गति, विभक्ति, भाव, शब्दवर्ग आदिसँग सम्बन्धित अभ्यासलाई जोड दिइएको छ भने वर्णविन्यास, लिङ्ग, विरामचिन्ह, उखान/टुक्का, क्रियापद आदिसँग सम्बन्धित अभ्यास सङ्ख्यात्मक रूपमा थोरै समावेश गरिएको छ ।

७. 'हाम्रो नेपाली किताब'मा मौखिक बोधप्रश्नोत्तर, अनुलेखन, तर्कपूर्णसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छैनन् ।

८. 'हाम्रो नेपाली किताब'मा  वाक्य परिवर्तनसँग सम्बन्धित (पृष्ठ ११२)  दिइएको उदाहरणमा 'त्यो आयो' भन्ने वाक्यलाई 'तिमीहरू आए' भनी गलत उदाहरण प्रस्तुत गरिएको छ ।

९.'हाम्रो नेपाली किताब'मा प्रश्नहरू समग्रमा स्तर अनुकूल र पाठसँग सम्बन्धित नै रहेका छन् ।

१०. 'हाम्रो नेपाली किताब'मा कठिन शब्दका निम्ति दिइएका केही शब्दार्थहरू दोहोरिएका छन्

### ६.१.२ रसिलो नेपाली

१. 'रसिलो नेपाली' मा कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची र पारिभाषिक/प्रविधिक तबरबाट बढी अर्थ्याइएको छ । अनुकरणात्मक, विपरीतार्थक, उखान/टुक्काजस्ता शब्दहरूको प्रतिनिधित्त्व कम रहेको पाइन्छ ।

२.'रसिलो नेपाली'मा रहेका विधासँग सम्बन्धित अभ्यासमा क्रमशः प्रयोगात्मक, बोध र सिर्जनामा महत्त्व दिने किसिमका अभ्यासहरू राखेको पाइन्छ ।

३.'रसिलो नेपाली'मा समावेश गरिएका भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा बढी र सुनाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा बढी र सुनाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा कम रहेको पाइन्छ । सुनाइ र पढाइभन्दा बोलाइ र लेखाइलाई जोड दिइएको छ । यस आधारमा हेर्दा पठ्यक्रमको उद्देश्यअनुसार भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई समान महत्त्व दिइएको पाइँदैन ।

४ 'रसिलो नेपाली'मा विधागत अभ्यास र व्याकरणका अभ्यासलाई छ्यासमिस गरेर समावेश गरिएकाले विद्यार्थीलाई विधागत अभ्याससँगै व्याकरण सिक्नुपर्ने वातावरण सिर्जना गरिदिएको छ ।

५.'रसिलो नेपाली'मा व्याकरण पक्षलाई बेवास्ता गरेझैँ देखिन्छ । छुट्टै व्याकरण शीर्षक दिएर उदाहरणसहित परिचयात्मक तरिकाबाट ज्ञान प्रदान गर्ने गरी अभ्यासहरू समावेश गरिएका छैनन् ।

६.नाम, सर्वनाम आदि व्याकरण अभ्यास सिकाउँदा तिनको उदाहरणसहित परिचय दिई अभ्यास गराउने भन्ने कुरा पठ्यक्रममा उल्लेख गरिएको पाइन्छ तर 'रसिलो नेपाली'मा त्यसो नगरी विधागत अभ्यासभित्रै व्याकरण समावेश गरी नाम हो कि सर्वनाम हो भनेर प्रश्न सोधिएको

पाइन्छ । व्याकरणसँग सम्बन्धित उदाहरणसहित परिचय कुनै पनि विधाका अभ्यासमा समावेश गरिएको छैन ।

७. 'रसिलो नेपाली'मा 'वाक्य बनाऊ' भन्ने अभ्यासहरू कम मात्रामा प्रयोग गरिएको छ । शब्दको बनावट देखाउन लगाइएको छ तर परिचय दिइएको छैन ।

८.व्याकरणसँग सम्बन्धित अभ्यासतर्फ 'रसिलो नेपाली'मा शव्दभण्डार, वर्णविन्यास,उखान/टुक्का आदिजस्ता अभ्यासमा जोड दिइएको छ भने पदसङ्गति, वचन ,विरामचिन्ह आदिजस्ता अभ्यास सङ्ख्यात्मक रूपमा थोरै समावेश गरिएका छन ।

९.'रसिलो नेपाली'मा 'छात्रवृत्तिका लागि निवेदन' भन्ने चिठी विधाअन्तर्गत शब्दार्थ समावेश गरिएको छैन ।

१०. 'रसिलो नेपाली' अन्तर्गत रहेको 'सबै मेरा गुरु' भन्ने कवितामा लयवाचनसम्बन्धी अभ्यास समावेश गरिएको छैन ।

११. 'रसिलो नेपाली'मा पदवर्गसम्बन्धी एउटै पनि अभ्यास समावेश गरिएको छैन ।

### ६.१.३ निष्कर्ष

१. शब्दार्थको तुलनात्मक विश्लेषणतर्फ विचार गर्दा 'रसिलो नेपाली' माभन्दा 'हाम्रो नेपाली किताब' मा १८५ ओटा बढी कठिन शब्दलाई शब्दार्थका रूपमा प्रस्तुत गएिको छ । त्यसैगरी दुबै पाठ्यपुस्तकमा पारिभाषिक/प्राविधिक र पर्यायवाची शब्दको सङ्ख्या धेरै छ भने अनुकरणात्मक, विपरीतार्थी र उखान/टुक्कालाई शब्दार्थमा कम समावेश गरिएको छ । 'हाम्रो नेपाली किताब'मा दाउ (पृष्ठ ५६,५७), नासो (पृष्ठ ७४,१११), निन्याउरो (पृष्ठ ८,१३८), नाना (पृष्ठ ३४,७४), प्राचीन (पृष्ठ ९६,११९) आदि शब्द दोहोरिएका छन् भने 'रसिलो नेपाली मा आकस्मिक (पृष्ठ ८), मोती (पृष्ठ २७), आदिम (पृष्ठ ३८), खोँच (पृष्ठ३९), पादरी (पृष्ठ ४९) आदि कठिन शब्दहरूलाई शब्दार्थका रूपमा समावेश गरिएका छैनन् ।

३. 'हाम्रो नेपाली किताब'का सबै विधामा पाठको अन्त्यमा कठिन शब्दको अर्थलाई शब्दार्थका रूपमा प्रस्तुत गरिएको छ तर 'रसिलो नेपाली' मा 'छात्रवृत्तिका लागि निवेदन' भन्ने चिठी विधाअन्तर्गतको पाठमा शब्दार्थ समावेश गरिएको छैन ।

४. विधासँग सम्बन्धित अभ्यासतर्फ 'हाम्रो नेपाली किताब'मा कथा, प्रबन्ध र कविता विधासँग सम्बन्धित अभ्यास बढी छन् भने जीवनी, रुपक र चिठी विधासँग सम्बन्धित अभ्यास तुलनात्मक रूपमा कम छन् । त्यसैगरी 'रसिलो नेपाली'मा विधासँग सम्बन्धित अभ्यासतर्फ कथा, कविता र निबन्ध विधासँग सम्बन्धित अभ्यास बढी छन् भने जीवनी, रुपक र चिठी विधामा तुलनात्मक रूपमा अभ्यासहरू कम समावेश गरिएका छन् । त्यस्तै पहिलामा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूलाई बढी जोड दिइएको छ भने दोस्रामा पहिचानात्मक उत्तरलाई बढी जोड दिइएको छ ।

५. व्याकरणसम्बन्धी अभ्यासतर्फ 'हाम्रो नेपाली किताब'मा वाक्य परिवर्तन, पदसङ्गति,विभक्तिजस्ता अभ्यासलाई नमुना अभ्यासमा प्राथमिकता दिइएको छ भने 'रसिलो नेपाली'मा शब्दभण्डार, वर्णविन्यास, उखान/टुक्काजस्ता अभ्यासलाई नमुना अभ्यासमा प्राथमिकता दिइएको छ । त्यसैगरी पहिलामा वर्णविन्यास, लिङ्ग, वचन र उखान/टुक्कामा सबैभन्दा कम अभ्यास दिइएको छ भने दोस्रामा पदसङ्गति, वचन र विरामचिन्हमा सबैभन्दा कम अभ्यास दिइएको छ । पहिलामा नमुना अभ्यासअन्तर्गत व्याकरणलाई छुट्टै अभ्यासका रूपमा राखिएको छ भने दोस्रामा विधागत अभ्याससँग मिसाएर राखिएको छ । तसर्थ पहिलामा व्याकरणलाई छुट्टै रूपमा शिक्षण गर्नुपर्ने देखिन्छ भने दोस्रामा पाठसँगै व्याकरण शिक्षणमा जोड दिइएको छ ।

६. भाषिक सीपसँग सम्बन्धित अभ्यासमा पहिलामा क्रमश: सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्त्व दिइएको छ भने दोस्रामा क्रमश:सुनाइ,पढाइ,बोलाइ र लेखाइलाई महत्त्व दिइएको छ । भाषिक सीपसँग सम्बन्धित अभ्यासहरू पहिलामा भन्दा दोस्रामा दोब्बरभन्दा बढी सङ्ख्यामा अभ्यासहरू समावेश गरिएका छन् । यसका आधारमा के भन्न सकिन्छ भने पहिलामा भन्दा दोस्राले भाषिक सीप विकासतर्फ बढी जोड दिएको पाइन्छ ।

७. शब्दभण्डारसँग सम्बन्धित अभ्यासका निम्ति दुबैमा पर्यायवाची शब्दहरू बढी र अनेकार्थक शब्दहरू कम दिइएको पाइन्छ ।

८. अभ्यासको विविधतालाई हेर्दा पहिलामा भन्दा निकै नै स्तरीय ढङ्गले दोस्रामा बढी विविधतामूलक अभ्यासहरू सङ्कलन गरी अभ्यासको महत्त्व दर्शाइएको छ ।

९. कविता विधाअन्तर्गत पहिलामा सबै कविताका नमुना अभ्यासमा लयवाचनसँग सम्बन्धित अभ्यास समावेश गरिएको छ तर दोस्रामा 'सबै मेरा गुरु' भन्ने कवितामा लयवाचन सम्बन्धी अभ्यास समावेश गरिएको छैन ।

१०. व्याकरणसँग सम्बन्धित पदवर्ग छुट्याउने अभ्यासहरू पहिलामा समावेश गरिएका छन् भने दोस्रामा समावेश गरिएका छैनन् ।

११. पहिलामा व्याकरणसँग सम्बन्धित अभ्यास दिँदा पहिले छोटो परिचय अनि त्यसपछि अभ्यासहरू समावेश गरिएका छन् तर दोस्रामा परिचयबिना नै अभ्यासहरू दिइएका छन् ।

१२. 'हाम्रो नेपाली किताव' को पृष्ठ ११२ मा वाक्य परिवर्तनसँग सम्बन्धित दिइएको उदाहरणमा 'त्यो आयो' भन्ने वाक्यलाई 'तिमीहरू आए' भनी गलत उदाहरण प्रस्तुत गरिएको छ भने त्यस्ता गलत वाक्यहरू रसिलो नेपालीमा भेटिएनन् ।

## ६.२ सुझावहरू

कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' को तुलनात्मक अध्ययनको निष्कर्षबाट प्राप्त निचोडका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

१. 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' मा शब्दार्थतर्फ दिइएका कठिन शब्दहरूको अर्थ लगाउँदा पयार्यवाची र पारिभाषिक/ प्राविधिक तबरबाट मात्र नलगाई वस्तुगत स्थितिका आधारमा विपरीतार्थी, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, अनुकरणात्मक तबरबाट समेत लगाइनु पर्छ । तहगत आधारमा पाठका कतिपय सरल शब्दलाई शब्दार्थका रूपमा पाठमा समावेश गरिएका छन् भने अप्ठ्यारा शब्दहरू छुटेका छन् । त्यसैले सरल शब्दलाई शब्दार्थमा राखिनु हुँदैन भने कठिन शब्दहरूलाई पनि छुटाउनुहुँदैन । अझ अभ्यासमा धेरै शब्दहरू समावेश गरी विद्यार्थीलाई ती शब्दको अर्थ आफैँ खोजी गर्ने बानीको विकास गराउनुपर्दछ । यसका साथै सबै विधामा शब्दार्थ राखिनु आवश्यक देखिन्छ ।

२. विधासँग सम्बन्धित अभ्यासतर्फ सिर्जनात्मक र प्रयोगात्मक अभ्यासलाई जोड दिनु सकारात्मक पक्ष हो । यसका साथै बोध पक्षलाई पनि थप जोड दिनु आवश्यक ठहर्छ ।

३. व्याकरणसम्बन्धी अभ्यासतर्फ 'हाम्रो नेपाली किताब'मा प्रयोगात्मक पक्षलाई बढी जोड दिइएको छ । त्यो सकारात्मक पक्ष हो तर अन्य पक्षलाई पनि समानुपातिक रूपमा जोड दिनु आवश्यक देखिन्छ । त्यसैगरी 'रसिलो नेपाली'मा पहिचानात्मक पक्षलाई बढी जोड दिइएको छ । व्याकरणमा प्रयोग पक्षलाई जोड दिँदा अझ राम्रो हुन्छ । साथै व्याकरणिक पक्षहरूमा उदाहरणका साथै परिचय दिई नमुना अभ्यासहरू समावेश गरिएमा अझ राम्रो हुने देखिन्छ ।

४. व्याकरणसम्बन्धी अभ्यासतर्फ शब्दभण्डार, वर्णविन्यास, वाक्यपरिवर्तन, पदसङ्गतितर्फ विषेश ध्यान दिई अत्याधिक अभ्यासहरू दिइएको तर अन्य व्याकरणात्मक कोटिहरूमा अभ्यासको सन्तुलन मिलेको देखिँदैन । तसर्थ काल, अर्थ/भाव, पक्ष, वाच्यपरिवर्तन, कारक, करण/अकरण, लेख्यचिन्हजस्ता कुराहरूलाई पनि अभ्यासमा समानुपातिक ढङ्गले राखिनुपर्छ । व्याकरणसम्बन्धी अभ्यासहरू आगमन विधिसँग सम्बन्धित भए प्रभावकारी हुन्छ ।

५. भाषिक सीपसँग सम्बन्धित अभ्यासअन्तर्गत 'हाम्रो नेपाली किताब'मा क्रमशः सुनाइ, बोलाइ, पढाइ र लेखाइतर्फ जोड दिइएको छ । यो सकारात्मक पक्ष हो तर 'रसिलो नेपाली'मा बोलाइभन्दा पढाइलाई कम महत्त्व दिई अभ्यासहरू राख्नु युक्तिसङ्गत देखिँदैन । सुनाइ र बोलाइ भन्दा पढाइमा बढी जोड दिनुपर्छ । दुबै पाठ्यपुस्तकमा लेखाइतर्फ अभ्यासहरू समावेश गरिएका छन् । यसलाई व्यवहारिक बनाउनु आवश्यक देखिन्छ ।

६. शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरू दिँदा पर्यायवाची शब्दलाई मात्र नभएर विपरीतार्थक र अनुकरणात्मक, एक्ले/ सार शब्द, श्रुतिसमभिन्नार्थक शब्द, अनेकार्थक शब्द, लघुवाचक शब्दजस्ता सबै किसिमका शब्दमा समान अभ्यास राखिनुपर्दछ ।

७. विधासँग सम्बन्धित अभ्यासका साथसाथै व्याकरणका अभ्यासहरू पनि समावेश गरिएका छन् । कतिपय अवस्थामा विधागत पाठ पढेर व्याकरणका अभ्यास गर्न कठिनाई हुने भएकाले विधागत अवस्थामा प्रयोगात्मक अभ्यासका साथसाथै बोधगत र सिर्जनात्मक अभ्यासलाई पनि महत्त्व दिनुपर्दछ । कण्ठस्थ गर्ने अभ्यासलाई महत्त्व नदिनु नै राम्रो मानिन्छ किनभने कण्ठस्थ गर्ने बानीको विकास भयो भने सिर्जनाको ढोका बन्द हुन जान्छ ।

८. व्याकरणात्मक कोटिमा अभ्यासको सन्तुलन मिलाउनु आवश्यक ठहर्छ । त्यसैगरी विधागत अभ्याससँगै व्याकरणसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएकाले विद्यार्थीमा अन्यौलको स्थिति सिर्जना हुने सम्भावना भएकाले व्याकरणगत र विधागत अभ्यासलाई अलग राख्नु नै व्यवहारिक ठानिन्छ ।

९. विधागत पाठअन्तर्गत राखिने अभ्यासहरू पाठअनुकूल विद्यार्थीको उमेर, स्तर र रुचि अनुकूल हुनुपर्दछ । अभ्यासहरू भाषिक खेल विधिमा आधारित बनाउन सके अझ राम्रो हुन्छ ।

१०. नेपाली भाषा शिक्षणका खास क्षेत्रमा भएका समस्याहरूको पहिचान गरेर ती समस्याको निदान हुने गरी निदानात्मक अभ्यासको तर्जुमा गर्नुपर्दछ ।

११. पाठ्क्रम तथा पाठ्पुस्तक परिवर्तनशील कुरा हुन् । समयसापेक्ष रूपमा राष्ट्रको समसामयिक आवश्यकता परिपूर्ति गर्ने किसिमले पाठ्क्रम र पाठ्यपुस्तक परिमार्जन गर्नुपर्दछ । यसरी पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्दा नमुना अभ्यासमा देखिएका कमिकमजोरी र त्रुटिहरूलाई सच्याउँदै विविधतामूलक अभ्यासहरू समावेश गरिनुपर्छ । विशेष गरेर अभ्यासहरू सिर्जनात्मक, प्रयोगात्मक र मौलिक उत्तरमा आधारित हुनुपर्दछ ।

१२. नमुना अभ्यासमा दिइएका उदाहरणहरू कहिल्यै गलत हुनुहुँदैन । त्यसले विद्यार्थीमा गलत धारणा बस्न सक्छ ।

१३. सम्बन्धित विषयका विशेषज्ञहरूबाट भाषा कक्षाको अवलोकन तथा सुपरिवेक्षण गरी आवश्यक भाषिक मूल्याङ्कन गरिनुपर्दछ ।

## ६.३ शैक्षणिक प्रयोजन

कुनै पनि अध्ययन तथ्याङ्कीय सूचनाको विश्लेषणबाट प्राप्त निष्कर्षमा आधारित हुन्छ । ती निष्कर्षका आधारमा सम्बन्धित विषयका पाठ्यपुस्तकभित्र समावेश गरिएका नमुना अभ्यासहरू पाठ्यक्रमको उद्देश्यअनुरूप भए नभएको पत्ता लगाउनुका साथै समस्या र समाधानका उपाय सुल्झाउने बलियो अवसर प्राप्त हुन्छ । यस तुलनात्मक अध्ययनबाट पनि नमुना अभ्यासका बारेमा सङ्क्षिप्त जानकारीको खुलासा गर्ने प्रयास भएको छ । तसर्थ प्रस्तुत अध्ययनको निम्नलिखित शैक्षणिक प्रयोजन रहने कुरा उल्लेख गर्न सकिन्छ ।

१. प्रस्तुत अध्ययनले 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली 'मा भएका नमुना अभ्यासको तुलनात्मक स्थितिको विश्लेषण गरेकाले सोको सबल र दुर्बल पक्षका बारेमा जान्न चाहनेका लागि मद्दत पुग्ने देखिन्छ ।

२.‘हाम्रो नेपाली किताब’मा समाविष्ट नमुना अभ्यासको विविध कोणबाट गरिएको विश्लेषणबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई आत्मसाथ गरी आवश्यक सुधार गर्न सकिन्छ ।

३. ‘रसिलो नेपाली’मा समावेश गरिएका नमुना अभ्यासको वितरण र सन्तुलन जस्ता पक्षका आधारमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई मध्यनजर गरी नमुना अभ्यासको गुणस्तरमा थप बल पुग्न सहयोग हुने देखिन्छ ।

४. पाठ्यक्रम निर्माणमा पाठ्यपुस्तक लेखनका साथै शिक्षक निर्देशिका निर्मातालाई पनि नमुना अभ्यासका कमीकमजोरी केलाएर त्यसमा सुधार गर्न सहयोग पुग्दछ ।

५. दुबै पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यास समावेश गरिएका छन् भनी जान्न खोज्नेहरूका लागि पनि यस अध्ययनले सहयोग प्रदान गर्दछ ।

६. नमुना अभ्यासका क्षेत्रमा अध्ययन गर्न चाहने नव अध्ययन कर्ताहरूका लागि पनि सहयोगी सामग्री हुने कुरामा विश्वास गर्न सकिन्छ ।

७. भाषा शिक्षक, सुपरिवेक्षक, प्रश्नपत्र निर्माणकर्ता एवम् स्वयम् विद्यार्थीवर्गका लागि पनि नमुना अभ्यासको औचित्य पहिचान गर्न मद्दत पुग्दछ ।

८. विधाको प्रकृति र प्रयोजन अनुरूप नमुना अभ्यासको तालमेलका सम्बन्धमा जान्न चाहनेका लागि पनि यस अध्ययनले केही जानकारी दिन सक्छ ।

## ६.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अध्ययन अनुसन्धानको काम कहिल्यै पनि पूरा हुँदैन । यो निरन्तर रूपमा चलिरहन्छ कुनै पनि विषयवस्तुलाई लिएर त्यसको गहिराइमा डुबेर महत्त्वपूर्ण पक्षलाई खोतल्नु र प्रकाशमा ल्याउनु ज्यादै कठिन काम हो । यसलाई सकेसम्म सबै पक्षबाट निरन्तरता दिनुपर्दछ । तसर्थ प्रस्तुत अध्ययनको सन्दर्भमा रहेर भावी अनुसन्धानका लागि केही शीर्षकहरू समावेश गर्न उपयुक्त ठानिएको छ ।

१. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा प्रयुक्त व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन ।

२. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन ।

३. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा समाविष्ट चित्रहरूको समायोजनको तुलनात्मक अध्ययन ।

४. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा प्रयुक्त विधाहरूको तुलनात्मक अध्ययन ।

५. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा समाविष्ट वाक्य संरचनाको तुलनात्मक अध्ययन ।

६. कक्षा ६ का ‘हाम्रो नेपाली किताब’ र ‘रसिलो नेपाली’मा रहेका रुपक विधाको तुलनात्मक अध्ययन ।

# सन्दर्भसामग्री

**प्रकाशित पुस्तक**


अधिकारी, हेमाङ्‌राज (२०५५) **नेपाली भाष शिक्षण**, (ते.सं.) काठमाडौं :कुञ्जल प्रकाशन ।

(२०५३) **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**,

(दो.सं.)काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

(२०५५) **समसामयिक नेपाली व्याकरण**,(दो.सं.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

(२०५७) **समसामयिक सरल नेपाली व्याकरण अभ्यास तथा प्रयोग**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

(२०४४) **शिक्षालाई जिवनोपयोगी बनाउने कारक तत्त्व,** काठमाडौं : त्रि.वि. सेरिड ।

(२०५९) **नेपाली विषयको विद्यालयतहको भाषापाठ्यक्रम र भाषापाठ्पुस्तकका अध्ययन** ।

(२०६२) **सामाजिक र प्रायोगिक भाषा विज्ञान,** काठमाडौं रत्न पुस्तक भण्डार ।

अवस्थी, महादेव र ऋषिराम शर्मा (२०५३) **नेपाली व्यवहारिक व्याकरण र अभिव्यक्ति,** काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स ।

त्रि.वि.शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०४१) **शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू**, काठमाडौं ।

पा.वि.केन्द्र (२०५८) **निम्नमाध्यमिक तहको पाठ्यक्रम**, भक्तपुर

(२०५८) **हाम्रो नेपाली किताव कक्षा ६** सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

पोखरेल, बालकृष्ण(संयोजक) (२०४०) **नेपाली बृहत् शब्दकोश**, काठमाडौं: ने.रा.प्र.प्र. ।

शर्मा, केदारप्रसाद (डा.) **शब्दभण्डर क्षमताको अध्ययन**, काठमाडौं: शिक्षा क्याम्पस ।

(२०५१) **नेपाली भाषा शिक्षण**, काठमाडौं : शैक्षिक जनशक्ति विकास केन्द्र, (प्रथम ५ महिने प्रा.शि.सेवाकालीन तालिम पाठ्यक्रम) ।

शर्मा, मोहनराज (२०५३) **शब्दरचना,वर्णविन्यास,वाक्यतत्त्व अभिव्यक्ति, र पाठहरू** काठमाडौं : नविन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५) **शोधविधि (दोस्रो संस्करण),** ललितपुर : साझा प्रकाशन ।

सुब्बा, बेगेन्द्र र रामचन्द्र खनाल (२०६४) **रसिलो नेपाली**, काठमाडौं:आठराई पब्लिकेसन

## अप्रकाशित शोधप्रत्र

आचार्य, होमप्रसाद (२०५४) **कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,** काठमाडौं : त्रि.वि.।

कार्की, गंगाबहादुर (२०५५) **कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट अभ्यासहरूको विश्लेषण**, काठमाडौं: महेन्द्र रत्न क्याम्पस ताहाचल ।

खड्का, यशोदा (२०५८) **हाम्रो नेपाली किताब कक्षा आठ र सजिलो नेपाली माला कक्षा आठमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक एक अध्ययन**, एम.एड. काठमाडौं : त्रि.वि. ।

खनाल, पवित्रा (२०६२) **कक्षा ६ का हाम्रो नेपाली किताव र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन**, काठमाडौँ: त्रि.वि. ।

गौतम, गंगाराम (२०५४) **माध्यमिक तहमा नेपाली भाषा पाठ्यपुस्तमा प्रयुक्त नमुना अभ्यास : एक विश्लेषणात्मक अध्ययन,** काठमाडौं: त्रि.वि.।

गौतम, गेहनाथ (२०५७) **मेरो नेपाली किताब कक्षा पाँच र सजिलो नेपाली माला कक्षा पाँचको तुलनात्मक अध्ययन,** काठमाडौं : त्रि.वि. ।

घिमिरे, प्रकाश (२०५८) **कक्षा आठको हाम्रो नेपाली किताव र सजिलो नेपाली माला कक्षा आठमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**, काठमाडौः महेन्द्ररन्त क्याम्पस, ताहाचल ।

ढुङ्गेल, भोजराज र अन्य (२०४१) **शिक्षा प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीहरूको नेपाली लेखनसम्बन्धी क्षमताको अध्ययन,** (लघु अनुसन्धान), काठमाडौँ: त्रि.वि. ।

दाहाल, मोहनकुमार (२०५५) **निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास: एक अध्ययन,** काठमाडौं: त्रि.वि. ।

पौडेल, नेत्रप्रसाद (२०५५) **कक्षा ६ को हाम्रो नेपाली किताव र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन**, काठमाडौं: महेन्द्ररन्त क्याम्पस, ताहाचल ।

पौडेल, माधवप्रसाद (२०५१) **जिल्लास्तरीय परीक्षा २०५१ मा समावेश गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नहरूको विश्लेषण**, काठमाडौं: त्रि.वि.।

बस्नेत, कुमार (२०६०) **हाम्रो नेपाली किताव र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**, काठमाडौः महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

भट्टराई, रामप्रसाद (२०४२) **प्रमाणपत्र अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली व्याकरणिक त्रुटिसम्बन्धी विश्लेषण**, काठमाडौं: त्रि.वि. ।

रिमाल, डिल्लीराम (२०५३) **माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक ( कक्षा ९ र १०)मा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन,** काठमाडौँ : त्रि.वि.।

सुवेदी, कृष्णप्रसाद (२०५६) **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**, काठमाडौं: महेन्द्ररत्न क्याम्पस, ताहाचल ।